कुनैपनि सार्वजनिक सरोकार, थाहा पाउने जनताको अधिकार ।

नेपाल सरकार
सूचना तथा संचार मन्त्रालय
सूचना विभाग

राष्ट्रिय दैनिक

# गोल्डेन न्यूज

Golden News National Daily

वर्ष ८ अंक ५८ श्रेणी 'क' २०७२ मंसिर १० गते बिहीबार 26 Nov. 2015 पृष्ठ ४ मूल्य रू. ५/-

**खुशीको खबर !!!**

योग निद्रा सिकेर आफूलाई रोगमुक्त राख्नुहोस् ।
नेपाल र पोखरामा पहिलो पटक ।
शरीर मन र आत्माको जुनसुकै रोग निवारण हुन्छ ।
शुल्क मात्र रु.१०००।- मात्र आफै आफूलाई रोगमुक्त गराउने एकमात्र ।
सिक्नुहोस्, सिक्नुहोस्, सिक्नुहोस्...र रोगमुक्त हुनुहोस् ।

मोवाइल : ९८१६१०२२१६

### लैंगिक हिंसा विरुद्धको १६ दिने अभियान पोखरामा पनि शुरु

## 'हिंसा सहेर बस्न हुँदैन, प्रतिकार गर्नुपर्छ'

**गोल्डेन न्यूज संवाददाता**
**पोखरा ९ मंसिर ।**

लैङ्गिक हिंसा विरुद्धको १६ दिने अभियान बुधबारदेखि पोखराका साथै मुलुकभर शुरु भएको छ। यस अभियानको विश्वस्तरीय नारा 'मेक एजुकेशन : सेफ फर अल' अर्थात शिक्षाले सबैलाई सुरक्षित बनाउँछ भन्ने रहेको छ। यस अर्थमा यसवर्षको लैंगिक हिंसा विरुद्धको अभियानले शिक्षालाई प्राथमिकता दिएको छ। सबै शिक्षित भए लैंगिक हिंसा स्वत: घट्ने अनुमानका साथ अन्तर्राष्ट्रिय तहमै यसवर्ष शिक्षामा केन्द्रित अभियान अभियान संचालन गरिएको बताइन्छ। नेपालमा भने 'घर शान्ति नै विश्वशान्तिको आधार, पुन:निर्माण, शिक्षा र समान व्यवहार' भन्ने मूल नारा अपनाइएको छ। नेपालमा हाल देखिएको राजनीतिक अस्थिरता, भूकम्पका कारण जर्जर बनेको जनताको अवस्थाका कारण विभिन्न खाले हिंसा बढ्दै गएका कारण अभियानमार्फत नै भएपनि केही हदसम्म कम गर्ने उद्देश्यका साथ यस्ता अभियान चलाइएको हो। २५ नोभेम्बरलाई डोमिनिकन मिरावाल दिदीबहिनी हत्याको क्रुर दिनको रुपमा सम्झिदै महिला विरुद्ध हुने हिंसा विरुद्धको दिवसको रुपमा विश्वभर यो अभियान शुरु हुने गर्दछ। नेपालमा भने यो अभियान सन् २००६ देखि मनाउन थालिएको हो। अभियानको पहिलो दिन बुधबार पोखरामा सेतो रिवन र ब्रोसर वितरण सहित सचेतनामूलक र्‍यालीको आयोजना गरिएको छ। पोखराको जिरो किलोमिटरबाट सुरु भएको र्‍याली फिर्के, सृजनाचोक, सभागृहचोक, पृथ्वीचोक, बुद्धचोक हुदैं अमरसिंहचोकमा पुगेर सभामा परिणत भएको थियो।

महिला तथा बालबालिका कार्यालय, इन्सेक, राष्ट्रिय मानव अधिकार आयोग क्षेत्रीय कार्यालय, महिला सशक्तिकरण नेपाल, बाल तथा महिला सशक्तिकरण समाज नेपाल, कोपिल नेपाल, राष्ट्रिय महिला अधिकार मञ्च, मान्छे बोक्सी हुन्न कहिल्यै राष्ट्रिय जागरण प्रतिष्ठान नेपाल, सिदार्थ क्लब, जिल्ला प्रहरी कार्यालय कास्की महिला तथा बालबालिका सेवा केन्द्रका प्रतिनिधि, सञ्चारकर्मीको सहभागिता रहेको र्‍यालीमा समानताका लागि गरौं समान व्यवहार, मानव बेचबिखन बन्द गर, मान्छे बोक्सी हुदैंन कहिल्यै, सम्पत्तिमा समानता, लैङ्गिक हिंसा अन्त्य गरौं लगायतका नारा लेखिएको प्लेकार्ड प्रदर्शन गरिएको थियो। र्‍यालीको क्रममा ठाउँठाउमा सेतो रिवन र ब्रोसर वितरण गरिएको थियो।

सभालाई सम्बोधन गर्दै महिला तथा बालबालिका कार्यालयका प्रमुख लक्ष्मी जि.सीले जबसम्म महिला र बालिका सुरक्षित हुदैंनन् तबसम्म हिंसामा कमी नहुने बताइन। उनले हिंसा सहेर बस्न नहुने बताउँदै हिंसाको प्रतिकार गर्नुपर्नेमा जोड दिइन। राष्ट्रिय मानव अधिकार आयोगका क्षेत्रिय निर्देशक सम्झना शर्माले सम्पूर्ण महिलाहरुले आफ्नो अधिकार उपभोग गर्ने वातावरण नबने सम्म कुनै पनि घर, परिवार र समाज हिंसा मुक्त हुन नसक्ने बताइन। इन्सेकका क्षेत्रीय प्रमुख शिव खकुरेलले महिलाहरुको सहभागीता र उनीहरुको समानता विना मुलुक अगाडि बढ्न नसक्ने बताउँदै सबैले कुनै पनि हिंसा नगर्ने प्रण गर्नुपर्नेमा जोड दिए। लैङ्गिक हिंसा विरुद्धको १६ दिने अभियान मूल आयोजक समितिद्वारा आयोजित कार्यक्रममा कार्यक्रममा अधिवक्ता सरलाकुमारी पाण्डे र जिल्ला प्रहरी कार्यालय कास्की महिला तथा बालबालिका सेवा केन्द्रकी प्रहरी नायव निरीक्षक गीता रानाभाटले लगायतले आ-आफ्ना भनाइ राखेका थिए।

महिला तथा बालबालिका कार्यालयका प्रमुख लक्ष्मी जि.सीको अध्यक्षतामा भएको कार्यक्रमको सञ्चालन अधिवक्ता तथा महिला मानव अधिकार रक्षक सञ्जालका अध्यक्ष सरिता थापाले गरेकी थिइन। त्यस अवसरमा विद्यार्थीहरुले सचेतनामूलक सडक नाटक पनि प्रस्तुत गरेका थिए।

महिला तथा बालबालिका कास्की, नौलो घुम्ती, सिद्धार्थ क्लव, महिला समन्वय समिति, जिविस कास्की, जिल्ला प्रशासन एवं जिल्ला प्रहरी कार्यालय, महिला सशक्तिकरण समाज कास्कीका साथै मान्छे बोक्सी हुन्न कहिल्यै राष्ट्रिय जागरण अभियान, कोपिला नेपाल, महिला मानव अधिकार संस्था, नेपाल रेडक्रस सोसाइटी, सिविआर, मानव अधिकारका लागि एकल महिला समूह र सामी परियोजना लगायतका सरकारी एवं गैरसरकारी संघ-संस्थाहरुले लैंगिक हिंसा विरुद्धको १६ दिने अभियानमा सहकार्य गर्ने महिला विकास अधिकृत उमादेवी अधिकारीले जानकारी दिइन।

अभियानका अवसरमा हिंसामा परेका महिलाहरुलाई कानूनी परामर्श तथा मनोविमर्स सेवा, मनोसामाजिक सुरक्षा सम्बन्धी अभिमुखीकरण, नेपालको संविधानमा भएका महिला हक सम्बन्धी प्रावधानहरु बारे अन्तर्क्रिया कार्यक्रम आयोजना गरिने छ। महिला मानव अधिकार रक्षक सञ्जाल कास्की लगायत अन्य विभिन्न संघ-संस्थाको सहकार्यमा संचालन हुने १६ दिने अभियानमा अभियानबारे थप प्रचार-प्रसार गर्न अन्तर्क्रिया एवं अभिमुखीकरण, महिला अधिकारकर्मीसंग अनुभव आदान-प्रदान, मिसन नोट अफ डिसेन्ट अभियान, सुरक्षित वैदेशिक रोजगार सम्बन्धी महिला अधिकारकर्मी र संचारकर्मीबीच छलफल, मान्छे बोक्सी हुन्न कहिल्यै भन्ने सन्दर्भमा विभिन्न संचारमाध्यम मार्फत सन्देशमूलक कार्यक्रम एवं सूचना

*बाँकी अन्तिम पृष्ठमा......*

## सरकारले स्थिति थप जटिल बनायो–कांग्रेस

**गोल्डेन न्यूज संवाददाता**
**काठमाडौं ९ मंसिर ।**

प्रमुख प्रतिपक्षी दल कांग्रेसले सरकार भारतसंगको सम्वन्ध थप विगारेर मुलुकलाई सैनिकीकरणतर्फ धकेल्ने प्रयास गरेको निष्कर्षमा पुग्न थालेको छ। भारतको अघोषित नाकाबन्दीबाट सृजना भएको संकट समाधानका लागि कुटनीतिक पहल गर्नुको साटो चिढयाउने खालका गतिविधि भइरहेको ठम्याई कांग्रेसको छ। 'भारतलाई चिढाउदै जाने र तराई मधेशका समस्या समाधान गर्न उन्मुख नहुने हो भने मुलुक भयाभह अवस्थामा पुग्ने निश्चित छ' बुधबार सिंहदरबार स्थित कांग्रेस संसदीय दलका कार्यालयमा बसेको कांग्रेस पदाधिकारीको अनौपचारिक बैठकको निष्कर्ष सुनाउँदै एक उच्च स्रोतले भन्यो,-'स्थिति जटिल बनाएर सेना परिचालन गरी मुलुकलाई सैनिकीकरण फर्ं उन्मुख गर्ने र संविधानलाई असफल बनाउने खेल त कतै भएको होइन? हामीलाई गम्भिर आशंका छ।' यो आशंकालाई बल पुग्ने खालको गतिविधि सरकारी पक्षबाट भइरहेको कांग्रेस प्रवक्ता दिलेन्द्र बडु बताउँछन्। 'सत्तापक्ष पनि प्याकेजमा समाधान गर्नुपर्छ भन्ने र आन्दोलनरत मधेशी मोर्चा पनि प्याकेज नै खोज्ने। तर, प्याकेजमा समधान दिने खालको प्रस्ताव नल्याउने, यो भित्र के रहस्य छ? बडुले भने,-'रक्षा मन्त्रालयको नेतृत्व लिएका मन्त्रीले सेना परिचालन हुन्छ भनेर बोल्दै हिंड्नु र वातवरण थप विगार्दे जानुले आशंका बढाएको छ।' तराई मधेशको समस्या समाधान गर्न केही दिनदेखि सत्तापक्ष संग भएका वार्ता र छलफलपछि बुधबार बसेको पदाधिकारी बैठकमा भारतसंगको सम्वन्ध बिग्रँदै जादा समस्या समाधानतर्फ भन्दा संकट बढै गएको ठम्याई नेताहरुको थियो। सरकारको 'रवैया' कै कारण समस्या समाधान गर्न प्रमुख दलहरुबीच साझा धारणा बन्न नसकेको भनाई कांग्रेस प्रवक्ता बडुले बताए। मंगलबार सरकारले जारी गरेको स्वेत पत्रमा भारतसंगको सम्वन्ध सुधार गर्नेतर्फ भन्दा बैकल्पिक मार्ग अपनाउने तर्फ बढी ध्यान केन्द्रित गरेको स्थितिलाई थप जटिल बनाएको कांग्रेसको निष्कर्ष थियो। 'स्वेतपत्रमा भारतसंगको सम्वन्ध सुधारका लागि कुटनीतिक पहल के भयो भन्ने तर्फ भन्दा बैकल्पिक बाटोको खोजीमा मात्रै सिमित देखियो। यसले भारतसंगको सवै

*बाँकी अन्तिम पृष्ठमा......*

## तत्काल ग्यास वितरण नहुने, मट्टितेल आज बाँडिदै

**गोल्डेन न्यूज संवाददाता**
**पोखरा ९ मंसिर ।**

जिल्ला प्रशासन कार्यालय कास्कीले पोखरामा तत्काल ग्यास वितरण नहुने स्पष्ट पारेको छ। ग्यास वितरण हुने हल्लाले पोखरामा रहेका विभिन्न ग्यास डिपोमा हजारौं सर्वसाधारणहरु सिलिण्डर सहित लामवद्ध छन्। यसै विषयलाई मध्यनजर गर्दै प्रशासनले पोखरामा ग्यास आपूर्ति नभएकाले तत्काल ग्यास वितरण गर्ने कुनै कार्यक्रम नरहेको भन्दै ग्यासको आशमा लामवद्ध भएर नबस्न आग्रह गरिएको छ। जिल्ला प्रशासन कार्यालय कास्कीका प्रशासकीय अधिकृत रामजीप्रसाद कोइरालाले बुधबार एक सूचना विज्ञप्ति जारी गर्दै ग्यास आपूर्ति पश्चात ग्यास वितरण हुने स्थान, संख्या र ग्यास कम्पनी किटान गरि सूचनामार्फत नै जानकारी गराइने भएकाले हल्लाको पछि नलाग्न सर्वसाधारण सबैमा आग्रह गरेका छन्।

यसैबीच ग्यास अभावमा मट्टितेलको प्रयोग गर्दै आएका पोखरा र लेखनाथका उपभोक्तालाई पहिलो पटक मट्टितेल वितरण गरिने भएको छ। बिहीवार पोखराका तीन स्थानबाट ९ हजार र लेखनाथका एउटा स्थानबाट तीन हजार लिटर मट्टितेल बितरण गरिने जिल्ला आपूर्ति समिति कास्कीले जनाएको छ। प्रमुख जिल्ला अधिकारी कृष्णबहादुर राउतको अध्यक्षतामा बुधवार बसेको वैठकले यस क्षेत्रका उपभोक्ताका लागि १२ हजार लिटर मट्टितेल वितरण गर्ने निर्णय गरेको हो। जस अनुसार लेखनाथको शिशुवा स्थित लेखनाथ आयल स्टोर्स, पोखराको शान्ति प्रोभिजनल स्टोर्स, विन्ध्यवासिनी, विकास स्टोर्स, विरौटा र शाकार आयल स्टोर्स, सिमपानीबाट तीन-तीन हजार लिटरको दरले मट्टितेल वितरण गरिनेछ।

तोकिएको डिलरहरुबाट प्रति परिवारलाई ५ लिटरको दरले मट्टितेल उपलब्ध गराईने छ। लाइनमा बसेका व्यक्तिहरुको नाम, थर र ठेगाना सहितको विवरण राखी सो परिमाणमा मट्टितेल वितरण गर्न लागिएको जिल्ला प्रशासन कार्यालय कास्कीले जनाएको छ।

## मधेश आन्दोलन, सीमाङ्कन र नाकाबन्दी बारे एमाले नेताहरुको फरक–फरक धारणा

**गोल्डेन न्यूज संवाददाता**
**काठमाडौं ९ मंसिर ।**

सरकारको नेतृत्व गरिरहेको दल एवं व्यवस्थापिका संसदको दोस्रो ठूलो दल नेकपा एमाले मुलुकको विषम परिस्थितिमा उचित कदम अघि चाल्न नसककेको भन्दै आलोचना बढिरहेको छ। यस अवस्थामा सरकारले समेत केही गर्न नसकेकोमा आक्रोश समेत बढ्दैछ। यस्तो अवस्थामा एमालेका अध्यक्ष एवं प्रधानमन्त्री केपी ओलीका साथै वरिष्ठ नेता झलनाथ खनाल, उपाध्यक्ष युवराज ज्ञवाली र महासचिव ईश्वर पोखरेले मुलुकका विभिन्न स्थानमा आयोजित विभिन्न कार्यक्रममा मुलुकको अवस्था बारे फरक-फरक धारणा रहेका छन्। मुख्यगरि मधेश आन्दोलन, सीमाङ्कन र नाकाबन्दीबारे एमाले नेताहरुले फरक-फरक धारणा रखेका हुन्।

यसैक्रममा प्रधानमन्त्री केपी शर्मा ओलीले मधेशवादी दलहरुले माग गरे अनुसार प्रदेशको सीमांकन हेरफेर गर्न नसकिने बताएका छन्। प्रधानमन्त्री ओलीले बुधबार अपरान्ह सिंहदरबारमा मोहन वैद्य नेतृत्वको नेकपा माओवादीको ६ बुँदे ज्ञापनपत्र बुझ्ने क्रममा पहाड र तराईका जिल्ला अलग गरेर तराईमा दुई वटा प्रदेश बनाइनुपर्ने माग कुनै हालतमा पूरा गर्न नसकिने बताए। नेकपा एमालेका अध्यक्ष समेत रहेका उनले मधेशका जनताले पहाड र तराईका जिल्लालाई अलग गरेर प्रदेश बनाइनुपर्ने माग नै नगरेको भन्दै केही नेताले आफ्नो स्वार्थ पूरा गर्नका लागि जनतालाई भड्काएका आधारमा सरकार नझुक्ने बताए। उनले प्रदेशको सीमांकन जटिल भएकाले यस विषयमा विज्ञहरुलाई अध्ययन गर्न दिएर पछि निर्णय गर्दा सबैको हित हुने बताए। प्रधानमन्त्री ओलीले विज्ञहरुबाट अध्ययन गराउनुको साटो केही नेता बसेर अहिले नै निर्णय गर्नुपर्छ भन्नुको कारण आफूले बुझ्न नसकेको बताए। प्रधानमन्त्री ओलीले मधेशवादी दलको आन्दोलनलाई कारण देखाएर भारतले नाकाबन्दी गर्नु नेपालको पारवहन अधिकारमाथिको ठाडो हस्तक्षेप भएको भन्दै भारतसामु कुनै हालतमा नझुक्ने बताए। उनले भारतसामु नेपालले कुनै समस्या खडा नगरेको र खडा गर्ने मनसाय पनि नराखेकाले विना अपराध शिर ननिहुर्‍याउने बताए। नेकपा माओवादीले प्रधानमन्त्री ओलीसँग मधेशवादी दलसँग वार्ता गरेर आन्दोलनलाई सम्बोधन गर्न तथा भारतको नाकाबन्दीको विरोधमा अर्न्तराष्ट्रिय मञ्चहरुमा जोडदार रुपमा आवाज उठाउन माग गरेको छ। माओवादीका अध्यक्ष मोहन वैद्यले भारतले पारवहन सम्बन्धी सम्झौता उल्लंघन गरेकाले नेपालले अब भारतसँगका सबै सम्झौता खारेज गर्नुपर्ने बताए। माओवादीले प्रधानमन्त्री ओलीलाई बुझाएको ज्ञापनपत्रमा भारतसँगको निर्भरता अन्त्य गर्ने गरी काम अगाडि बढाउन, कालोबजारी नियन्त्रण गरेर आपूर्ति सहज तुल्याउन तथा कालोबजारीमा संलग्नमाथि कारवाही गर्न माग गरिएको छ।

यसैगरी नेकपा एमालेका वरिष्ठ नेता झलनाथ खनालले मधेश आन्दोलन नेपालको आन्तरिक मामिला भएको भन्दै मधेश आन्दोलनलाई कारण देखाएर नाकाबन्दीलाई निरन्तरता नदिन भारत सरकारसँग आग्रह गरेका छन्। विश्वव्यापी मूल्यांकन सप्ताह मनाउने क्रममा संयुक्त राष्ट्रसंघीय मूल्यांकन समूह र विभिन्न संस्थाले बुधबार संविधानसभा भवनमा गरेको कार्यक्रममा एमालेका वरिष्ठ नेता खनालले असल छिमेकी र ठूलो मुलकका नाताले भारतलाई नेपालको आन्तरिक मामिलामा अनावश्यक चासो राख्न नसुहाउने बताए। राष्ट्रसंघका प्रतिनिधि, श्रीलंकाका सामान्य विकास मन्त्री लगायतको उपस्थिति रहेको कार्यक्रममा एमालेका वरिष्ठ नेता खनालले मधेश आन्दोलनलाई कारण देखाएर भारतले नेपालको पारवहन अधिकारमाथि हस्तक्षेप गर्नु अन्तर्राष्ट्रिय कानून, सन्धी सम्झौता र राष्ट्रसंघकै बडापत्र विपरित भएको बताए। उनले संविधान संशोधन गरेर मधेश आन्दोलन सम्बोधनका लागि आफूहरु तयार रहेको पनि बताए।

कार्यक्रममा सभामुख ओनसरी घर्तीले मुलुकको आर्थिक, सामाजिक र राजनीतिक विकासका लागि मूल्यांकन अनिवार्य पाटो भएको बताइन्। उनले मूल्यांकनबाट पारदर्शिता र सुशासन कायम गर्न महत्वपूर्ण सहयोग पुग्ने बताए। कार्यक्रममा संयुक्त राष्ट्रसंघीय मूल्यांकन समूहका सह अध्यक्ष म्याक्रो सेगनले सभामुख घर्तीलाई मूल्यांकन वर्ष २०१५ को मूल्यांकन टर्च हस्तान्तरण गरेका थिए। कार्यक्रममा विश्वव्यापी मूल्यांकनको आगामी पाँच वर्षे एजेण्डा समेत सार्वजनिक गरिएको थियो।

यता, एमाले उपाध्यक्ष एवम् सांसद युवराज ज्ञवालीले मधेसवादी दलका नेता तथा कार्यकर्ताहरू देशमा नाकाबन्दी लगाउँदै राति राति तेल तस्करीमा लागेको आरोप लगाएका छन्। राज्य व्यवस्था समितिको बुधबारको बैठकमा बोल्दै ज्ञवालीले भने, 'मधेसवादी दलका नेताहरू दिउँसो दिउँसो नेपाल(भारत सीमा क्षेत्रमा बसी नाकाबन्दी र आन्दोलन गर्ने र राति राति तेल तस्करी गरी करौडौं कमाउने धन्दामा लागेका छन्।' उनले सरकारले सीमाक्षेत्रमा सुरक्षा व्यवस्था कडा गरी अबैध गतिविधि नियन्त्रण गर्न र मधेस आन्दोलनमा सुरक्षाकर्मी संयमितता अपनाउन सुझाव दिएका थिए। मधेस आन्दोलनका क्रममा भएको प्रहरी कारबाहीमा कतिपय निर्दोष जनताको पनि ज्यान गएको गुनासा आइरहेका बेला ज्ञवालीले शान्ति सुरक्षा कायम गर्ने कार्यमा खटिएका सुरक्षाकर्मीहरुले संयमितता अपनाउदै जथाभावी गोली नचलाउन सुझाव दिए।

नेपालको संविधानका विषयमा भारत सरकारबाट आएको अभिव्यक्ति र अघोषित नाकाबन्दी प्रति लक्षित गर्दै ज्ञवालीले छिमेकी मित्रराष्ट्रले कुनै पनि मुलुक सानो हुँदैंमा हेपाहा प्रवृत्ति देखाउन नहुने बताए। राजनीतिमा असहमति र आन्दोलन गर्नु जनताको अधिकार भएपनि जनताले दु:ख पाउने गरी नाकाबन्दी र राजमार्ग अवरोध जस्ता गतिविधि मधेसवादी दलले गर्न नहुने पनि उनले बताए। कांग्रेसका सांसद अमरेशकुमार सिंहले राजधानीको आपूर्ति व्यवस्थालाई लिएर मधेसमा प्रहरी दमन गर्न र मधेसी जनता मार्न नपाइने बताए।

यता, नेकपा (एमाले)का महासचिव ईश्वर पोखरेलले स्वाभिमान रक्षाका लागि आत्मनिर्भर हुनुपर्नेमा जोड दिएका छन्। प्रेस चौतारी नेपाल नवलपरासीले बुधबार कावासोतीमा गरेको पत्रकार सम्मेलनमा उनले भने, 'स्वाभिमान सँग बाँच्ने हो भने आत्मनिर्भर हुन जरुरी छ।' दीर्घकालीन हिसाबले बाँच्ने योजना नबनाउँदा अहिलेको समस्या सिर्जना भएको उनको भनाइ थियो। 'आत्मनिर्भरताको जग कमजोर हुँदा स्वाभिमान सङ्कटमा परेको छ, विस्तारवादको नाराले मात्र स्वाभिमान बच्दैन, अहिले त्यही अवस्था छौं'-उनले भने। भारतको छिमेकीप्रतिको व्यवहार मित्रतापूर्ण छैन, त्यसका लागि कूटनीतिक र राजनीतिक पहल भइरहेको छ-उनले भने,'सबै चिज फेर्न सकिन्छ, छिमेकी फेर्न सकिन्न।'

## पोविवि सभा सदस्यमा २३ जना मनोनित

**गोल्डेन न्यूज संवाददाता**
**पोखरा ९ मंसिर ।**

पोखरा विश्वविद्यालय सभा सदस्यमा २३ जना मनोनित भएका छन्। विश्वविद्यालयका कुलपति एवं प्रधानमन्त्री केपी शर्मा ओलीले पोखरा विश्वविद्यालय ऐन २०५३ बमोजिम विभिन्न क्षेत्रका २३ जनालाई विश्वविद्यालय सभाको सदस्य पदमा ३ वर्षको लागि मनोनित गरेका हुन्।

मनोनित हुनेहरुमा मध्य पश्चिमाञ्चल विश्वविद्यालयका उपकुलपति प्रा.डा.उपेन्द्रकुमार कोइराला, सुदूर पश्चिमाञ्चल विश्वविद्यालयका उपकुलपति प्रा. भूषण श्रेष्ठ, त्रिवि वन विज्ञान अध्ययन संस्थानका सह-प्राध्यापक हरिप्रसाद त्रिपाठी, पृथ्वीनारायण क्याम्पसका सह-प्राध्यापक कमल ढकाल, उप-प्राध्यापक कमलराज पौडेल, रहेका छन्।

त्यस्तै प्रा.डा. शहीद रामनाथ दाहाल स्मृति कलेज काठमाडौंका क्याम्पस प्रमुख नारायण संग्रौला, युनाइटेड टेक्निकल कलेज चितवनका क्याम्पस प्रमुख बाबुराम उपाध्याय, एपेक्स कलेज, काठमाडौंका क्याम्पस प्रमुख एल.पि. भानु शर्मा, नेशनल एकेडेमी अफ साइन्स एण्ड टेक्नोलोजी (नास्ट) का क्याम्पस प्रमुख शिवहरि शर्मा मुडवरी, व्यवस्थापन विषय समिति पोखरा विश्वविद्यालयका अध्यक्ष प्रा.डा. प्रेमराज पन्त, अंग्रेजी विषय समिति अध्यक्ष प्रा.डा. श्रीधर प्रसाद लोहनी, इलेक्ट्रोनिक्स एण्ड कम्यूनिकेशन विषय समिति अध्यक्ष भेषराज कँडेल, स्कूल अफ बिजनेसका सह-प्राध्यापक राजेशकुमार ठगुराठी, स्कूल अफ डेभलपमेन्ट एण्ड सोसल इञ्जिनियरिङका उप-प्राध्यापक डा. रामप्रसाद अर्याल र स्कूल अफ इञ्जिनियरिङका उप-प्राध्यापक बुद्धिराज जोशी सभा सदस्यमा मनोनित भएका छन्। शालिग्राम पौडेल, सोमनाथ अधिकारी प्यासी, देवराज चालिसे, पोखरा उद्योग वाणिज्य संघका अध्यक्ष विन्दुकुमार थापा, लेखनाथ उद्योग वाणिज्य संघका अध्यक्ष लक्ष्मीप्रसाद त्रिपाठी, लक्ष्मी ग्रुपका अध्यक्ष गणेश बहादुर श्रेष्ठ, विष्णु पौडेल, खगराज अधिकारी, हुतराज शर्मा, मित्रलाल सापकोटा र कृष्ण के.सी. पनि सभा सदस्यमा मनोनित भएको विश्वविद्यालयका सूचना अधिकृत लोकप्रसाद ढकालले जानकारी दिए।

## कर्मचारी आवश्यकता

**पोखराबाट प्रकाशित 'क' वर्गको गोल्डेन न्यूज राष्ट्रिय दैनिकका लागि केही कर्मचारी आवश्यक परेको हुँदा इच्छुक, योग्य र इमान्दार व्यक्तिले कार्यालय समयमा ५ दिनभित्र आफ्नो व्यक्तिगत विवरण सहित आवेदन दिनुहुन यो सूचना प्रकाशन गरिएको छ ।**

| क्र.सं. | पद : | संख्या | योग्यता |
|---|---|---|---|
| १. | मार्केटिङ अफिसर | २ जना | +२ वा सो सरह |
| २. | संवाददाता | २ जना | +२ वा सो सरह |
| ३. | कम्प्युटर अपरेटर | २ जना | +२ वा सो सरह |

**नोट : मार्केटिङ अफिसर र संवाददाताका आफ्नै सवारी साधन भएकालाई विशेष प्राथमिकता, सम्बन्धित क्षेत्रमा कम्तिमा १ वर्ष काम गरेको अनुभवी हुनुपर्नेछ । साथै कम्प्युटर अपरेटरका लागि पेजमेकर, इनडिजाइनमा पत्रिका सेटिङ गर्न सक्ने र समाचार लेखनमा समेत अनुभवी भएको हुनुपर्नेछ।**

**तलव : मार्केटिङ अफिरका लागि १० हजार + आकर्षक कमिसन, संवाददाता र कम्प्युटर अपरेटरका लागि श्रमजीवि ऐनले तोकेबमोजिम हुनेछ ।**

सम्पर्क : **गोल्डेन न्यूज राष्ट्रिय दैनिकको कार्यालय**
(सुनौलो विल्डिङ), मानवअधिकारचोक, चिप्लेढुङ्गा, पोखरा

■ अरुको भनाइ अनुसार सधैं नचल । आफ्नो निर्णयलाई गुरु मान । अरुको बाटोमा हिँड्ने मानिस कहिल्यै उच्च कोटिमा पुग्न सक्दैन । - **सेक्सपियर**

## सम्पादकीय . .

# सरकारको अनुभूति दिलाउ

भारतले नाकाबन्दी गरेको सयदिन पुग्दा पनि समस्या समाधानको बिषयमा कुनै पहल भएको छैन । जसले गर्दा यो अबस्था कहिलेसम्म यस्तै रहन्छ भन्ने कुरा अनिश्चित छ । प्रधानमन्त्री केपी शर्मा ओली नेतृत्वको सरकारले वार्ता, दमन र कुटनैतिक पहलकदमी गरी तीनवटा विकल्पमा आफूलाई सफल तुल्याउन सकेन । जनता आफैले जोह गर्दै समस्यालाई सहज बनाउने प्रयत्न गरिरहेका छन् । यो कष्टको समयमा सरकारले राहत दिएको कुनै क्षत्र छैन । औषधि ल्याउन पनि सकेको छैन सरकारले, चिनले दिएको अनुदानको तेल ल्याउन पनि महिना दिन लाग्यो, अझै सबै वितरण गर्न सकेको छैन । मधेसमा आन्दोलन जारी छ, जनता उपभोग्य बस्तुको अभावमा कष्टपूर्ण जीवन जिउन विवश छन् । कष्ट सहज गर्नेकाम पनि उनीहरु आफैले गरिरहेका छन् । यो प्रक्रियमा सरकार कहि कतै सहभागि छैन । यो अवस्थामा समस्याको समाधानका लागि राज्यले जुन प्रयत्न गर्न पर्ने हो, कुनै पनि प्रयत्नलाई प्रभावकारी ढंगले अगाडि बढाउन सकेको छैन । आन्दोलनमा रहेका शक्तिहरुले आन्दोनको औचित्य सबैले बुझ्ने भाषामा प्रष्ट्याउन पनि सकेका छैनन् । बिपक्षी दलले आफै अग्रसरता लिएर समस्याको समाधान खोज्ने निर्णय गरेपनि उसको अग्रसरता व्यवहारमा देखिन सकेको छैन । जसका कारण समस्या जस्ताको तस्तै छ । आन्दोलनका नेताहरु पनि अब हुक्कन थालेको देखिन्छ । उनीहरु आन्दोलनको मैदान छाडी नयाँ शक्तिको सभामा सहभागी भएको देखियो । यो आन्दोलनलाई उनीहरुले प्राथमिकता दिन छाडेको संकेत हो । यस्तो अवस्थामा आन्दोलन चल्नु र त्यो भनै आक्रामक बन्दै जानु भनेको आन्दोलनलाई अराजकतातर्फ लैजान कोही अरु पनि सक्रिय हुनु हो । आन्दोलन मधेसका नेताहरुको नियन्त्रणमा छैन । यो कुरा आन्दोलनले एक सय दिन नाघिसक्दा छर्लङ्ग हुन पुगेको छ । पेट्रोलीयमको अभावमा साइकल चढ्ने उद्घोष गरेर 'राष्ट्रबादी' बन्न प्रयत्न गर्नेहरुले अझै गाडी छाड्ने कुरा त परै जावस्, अघिपछि सुरक्षाका लागि भन्दै दुई तनवटा गाडी गुडाउन छाडेका छैनन् । प्रधानमन्त्रीलगायतका जिम्मीवार नेताहरुले हेलिकप्टरको यात्रा छाडेका छैनन् । यसले के देखाउछ भने नेतृत्वमा अझै पनि नाकाबन्दीले अप्ठ्यारो पारेको छैन । आयल निगमले नै 'कालोबजारी' गर्छ भन्ने कुरालाई पुष्टि गर्न नेताहरुको बिलासीतामा कमी नआउनुले देखाउछ । जनता सधै मारमा परिरहने । ग्यास सकिए दाउरा खोज्ने, पेट्रोलियम सकिए साइकल चढ्ने वा सीमाहरुमा गएर तेलको महंगोमा जुगाड गर्ने । खाद्यान्नको अभावमा काम चलाउ व्यबस्था गर्नु पर्ने । तर, नेतृत्वको बिलासिता कायमै रहने अबस्थाले गर्दा नै नाकाबन्दी प्रति सरकार गंभीर बन्न नसकेको निश्कर्ष निकाल्न सकिन्छ । हामी राष्ट्रबादी हौं, त्यसैले सबै कष्ट सहन्छौं भन्ने भाषा सरकारले बोल्न सुहाउदैन । यो भाषा त नागरिकको मन मस्तिष्कमा सधैं छँदै छ । सरकारले त जस्तो सुकै अवस्थामा पनि देशको स्वाभिमान उचो राख्दै र नागरिकको शिर निहुरिन नदिएर जनतालाई सहज जीवन यापन गराउछु भनेर प्रतिबद्धता जनाउने हो र त्यो प्रतिबद्धता अनुसारको काम गर्ने हो । तर, सरकार पूर्ण रुपमा यो दिशामा असफल हुन पुगेको छ । न योजना देखियो, न रणनीति देखियो, न परिणाम देखियो, न अब केही गर्छ कि भन्ने आशा गर्ने ठाँउ नै देखियो । यस्तो अबस्थामा सरकार छ भन्न सकिँदैन ।

## आजको पञ्चाङ्ग

**मिति २०७२ साल मंसिर १० गते बिहीबार, तदनुसार नवेम्वर २५ सन् २०१५, श्रीशाके १९३७, नेपाल संवत् ११३६, कीलकनामकः संवत्सरः, सूर्य पृथ्वीको दक्षिणी गोलार्द्धमा प्रवेश गरिसकेका छन् । शरद ऋतु चलिरहेको छ । चान्द्रमान अनुसार मार्गशीर्षकृष्णपक्ष चलिरहेको छ । सौरमान अनुसार आज मार्गशीर्षकृष्णापक्षको प्रतिपदा तिथि ५० घटि २३ पला अर्थात रातिमा २ बजेर ४३ मिनेटसम्म त्यसउप्रान्त द्वितीया तिथि लाग्नेछ । आज सूर्य वृश्चिम राशिमा, चन्द्रमा वृष राशिमा अहोरात्र रहनेछ । आज दिनमान २६ घटि २२ पलाको रहनेछ । आज सूर्योदय नेपालको काठमाडौं केन्द्रबिन्दुमा रहि बिहान ठीक ६ बजेर ३४ मिनेटमा रावण मुहूर्तमा हुनेछ भने सूर्यास्त साझ ५ बजेर ०७ मिनेटमा हुनेछ ।**

## आजको राशिफल

**मेष** : एक्कासी आम्दानीमा वृद्धि, राज्यपक्षबाट सहयोग, प्रेम प्रसंग सफल, तार्किक क्षमताको विकास हुनेछ ।

**वृष** : यशकीर्ति बढ्ने, आफन्तबाट सहयोग, नवीन कार्यमा लगानी, व्यापारबाट पर्याप्त मुनाफा हुनेछ ।

**मिथुन** : स्वास्थ्यका एक्कासी समस्या देखा पर्ने, हतियारबाट कष्ट, विरोधी सक्रिय, नास्तिक विचार पलाउनेछ ।

**कर्कट** : समस्यासंग संघर्ष, पेट रोगले पिरोल्ने सम्भावना, व्यापारमा गिरावट, अशुभ समाचार सुन्नुपर्ला ।

**सिंह** : कार्यमा व्यावधान आम्दानी घट्ने पारिवारिक किचलो, स्वास्थ्यमा धन खर्च गर्नुपर्ने छ ।

**कन्या** : पारिवारिक सहयोग, उत्साह उमंग पलाउने, व्यापारबाट लाभ, वैयक्तिक प्रभाव बढ्नेछ, समय शुभ रहनेछ ।

**तुला** : मनमा अनावश्यक पीडा, अनावश्यक टक राव हुने, आर्थिक भार थपिने, आफन्तबाट धोका पाइनेछ ।

**वृश्चिक** : जोखिम कार्य सफल हुने, यात्रा फलदायी, तार्किक क्षमताको विकास, अध्ययनमा सफलता मिल्नेछ ।

**धनु** : रोजगारीबाट आत्म सन्तुष्टि मिल्नेछ, मित्रसंग भेटघाटको अवसर मिल्न सक्नेछ, सम्मानको अवसर ।

**मकर** : नयाँठाउँको अवलोकन, आ रोग्य जीवनको उपभोग, विरोधी माथि विजयी, प्रतियोगितामा सफलता मिल्नेछ ।

**कुम्भ** : दुर्घटनाका भय, आफन्तसँग मनमुटाव, शारीरिक पीडा थपिने समय ख राब छ, सतर्क हुनुहोला ।

**मीन** : मानहानि हुन सक्नेछ, अनावश्यक झन्झट आइलाग्ने, मन परेको खानमा अवरोध हुने, दिन खराब रहनेछ ।

**राशिफल लेखक : युवा ज्योतिषी हरि पन्त, मो.९८४६१४७३६९**

# उपप्रम चित्रवहादुर केसीको अग्निपरीक्षा



कृष्ण कंडेल

बागलुङको गलकोट क्षेत्र जिल्लाको पुरानो सदरमुकाम हो । जिल्ला सदरमुकाम बागलुङ सारिएको र निर्वाचन क्षेत्र निर्धारणमा समेत तिन भागमा विभाजन गरिएपछि गलकोटले अहिलेसम्म आफ्नै क्षेत्रबाट प्रतिनिधित्व गर्ने मन्त्री पाउन सकेको थिएन । नेपालमा संविधानसभाबाट संविधान निर्माणभएपछि बनेको सरकारमा राष्ट्रिय जनमोर्चाका अध्यक्ष चित्रबहादुर केसी उपप्रधान, सहकारी तथा गरिवी निवारण मन्त्री बन्नुभएको छ । केसी आफ्नो राजनैतिक जीवनमै पहिलो पटक सत्तामा पुग्नुभएले पनि उहाँको सत्ताआरोहणलाई महत्वका साथ हेरिएको छ । उहाँ गलकोट मल्मका स्थानिय बासिन्दा हुनुहन्छ । ईतिहाँसमै पहिलो पटक आफ्नो क्षेत्रका नेतालाई सत्ताको उच्च पदमा पुऱ्याएका गलकोटेले उपप्रधानमन्त्री चित्रबहादुर केसीबाट धेरै कुराको आशा गर्नु स्वभाविकै हो । गलकोट उच्च माध्यमिक विद्यालय हटियाको पुर्वप्रधानाध्यपक समेत रहनुभएका उपप्रधानमन्त्री केसीबाट गलकोटेले के अपेक्षा गरेका होलान् भन्ने कुरा अहिले चासोको विषय बनेको छ ।

सँधै प्रतिपक्षमा रहेर सत्तापक्षको खरो आलोचकको छवि बनाउनुभएका केसी सरकारमा पुगेपछि पहिलो पटक शुक्रबार गलकोट आउनुभयो । शुक्रवार उहाँ मल्म-३ गल्याङ स्थित आफ्नै जन्मघरमा बस्नुभयो । त्यहाँ उहाँले आफन्तजन तथा स्थानियसँग भेटघाट र छलफल गर्नुभयो । शनिवार विहान उप्रधानमन्त्री केसी गलकोट सुचना तथा सञ्चार सहकारी, गलकोट एफएम, गलकोटपत्र साप्ताहिक, गलकोट पत्रकार समाज र गलकोटखवर डटकमको संयुक्त आयोजनामा पत्रकार भेटघाट कार्यक्रममा सहभागी बन्नुभयो । त्यसपछि विहान १० बजेपछि करिव २० मिनेट समय गलकोट एफएममा भएको विशेष कुराकानीको लागि खर्चनुभयो ।

दिउसो पूर्वप्रधानाध्यापक समेत रहनुभएका उहाँको सम्मानको लागि गलकोट उच्च माध्यमिक विद्यालय हटियाले अभिनन्दन गऱ्यो । उपप्रधानमन्त्री केसीले गलकोट बहुमुखी क्याम्पासको स्मृति कक्षको उद्धाटन समेत गर्नुभयो । त्यसपछि सहकारी समन्वय समिति गलकोटले गरेको सहकारी अन्तरक्रिया कार्यक्रमा सहभागी बन्नुभयो । शनिवार वेलुका केसी हिलको घुस्मेलीमा हुने हरिवोधनी एकादशी मेलाको लागि हिल पुग्नुभयो । आईतवार मेलाको विशेष समारोहलाई सम्वोधन गरेर बागलुङ बजार फर्कनुभयो । यी सवै कार्यक्रममा उहाँले सत्तामा पुगेपछि अरु नेतामा हुनेजस्तो उत्साह र चुरिफुरी देखाउनुभएन । सरकारमा गएका वेलापनि नागरिकलाई धेरै आश्वाशन दिनुभएन । सत्तामा रहँदासम्म आफ्नो वुद्धिवर्कतले भ्याएसम्म जनताको काम गर्ने विश्वास दिलाउनुभयो । आफूले सत्ताको लागि कहिल्य राजनीति नगरेको र अव पनि सत्ताको दुरुपयोग गरेर आफ्नो व्यक्तिगत स्वार्थमा कहिल्यै नलाग्ने बताउनुभयो । त्यसो गर्न उमेरले पनि नदिने उहाँको भनाई छ । आफू पूर्वप्रधानाध्यपक रहेको गलकोट उच्च माविले गरेको अभिनन्दन कार्यक्रममापनि उहाँले विद्यालयलाई सार्वजनिक रुपमा कुनै आश्वसन दिनुभएन ।

केसीले गलकोट क्षेत्रको विकास निर्माणका काममा आफुले सकेजति काम गर्ने भन्दै गर्नुपर्ने काम भए लिएर आफूसँग आउन गलकोट वासीलाई आग्रह गर्नुभएको छ । उहाँले अमूर्त शव्दमा यहाँको विकास निर्माण, स्वास्थ्य, शिक्षा लगातको क्षेत्रमा सक्दो काम गर्ने प्रतिवद्धता जनाउनुभयो । मध्यपहाडी लोकमार्ग निर्माणमा तीव्रता दिन र रोकिएका काम अघि बढाउन भने आफूले पहल गर्ने ठोस प्रतिवद्धता केसीको छ ।

यत्तिमात्र भन्नु भयो-'यो क्षेत्रका जनताको मायाँ र लगानीले नै आज म यो स्थानमा पुगेको छु, सकेजति तपाईकै काम गर्नेछु ।' उहाँले थप्नुभयो-'म गलकोट, बागलुङको मात्र नभएर समग्र नेपालकै उपप्रधानमन्त्री हो, सहकारी तथा गरिवी निवारण मन्त्री हो ।' उहाँको भनाईमा यो पनि आभाष हुन्थ्यो-'म जीवनमै पहिलो पटक सरकारमा पुगेको छु, मेरो यो कदमलाई सवैतिरबाट महत्वका साथ हेरिएको छ, के गर्छ त चित्रबहादुर केसीले ? भन्ने कुरा सर्वत्र चासो छ ।' उहाँको यो भनाईको तात्पर्य उहाँले आफ्नो जन्मथलो र गृहजिल्ला मात्र होईन, समग्र नेपालकै लागि केहि गर्नुपर्छ भन्ने नै हो । यो सँगसँगै उहाँले यो पनि भन्न छुटाउनुभएन-मैले सरकारमा रहेर जे गर्छु राम्रो गर्छु र राम्रो गर्ने प्रयास गर्छु । गर्न खोजेको काम गर्न सकिन भने जे समस्या छ, त्यो जस्ताको तस्तै जनताबीच राख्छु । म आफै खुल्ला किताव हुँ तपाईले अध्ययन गरेर निष्कर्ष निकाल्नुहोस् मलाई स्वीकार्य छ । यी आफ्नो राजनैतिक जीवनमै पहिलो पटक, त्यो पनि जीवनको उत्तरार्धमा सत्तामा पुग्नुभएका केसीको सरकारमा रहँदा गर्ने काम र त्यसको मूल्याङ्कन गर्ने दिन त बाँकी नै छ । उहाँ सरकारमा गएको चाहि यो समग्री तयार गर्दा १७ दिनमात्र पुरा भएको छ ।

केसीले आफ्नो राजनैतिक जीवनमा कमाएको छवि निष्कलङ्क, सत्तापक्षको खवरदार, सडकबाट जनताको सरोकार उठाउने नेता, राष्ट्रियता, स्वाधिनता र स्वाभिमानमो सँधै अडिग, आफ्नो कुनै स्वार्थ नभएको जस्ता कुरा सत्तामा रहँदा र बहिर्गमनसम्म जोगाउन सक्नुहोला ? भन्ने विषय अहिले जिज्ञाषा र अनुमान मात्र गर्नसकिने अवस्था हो । उहाँलाई अभिनन्दन गर्नका लागि आयोजना गरिएको कार्यक्रममा सहमागीलाई यो जिज्ञाषा राख्दा ऱ्यानडम्ली ७ जनालाई सोधिएकोमा ५ जनाले यो छवि बचाउन सक्नुहुन्छ भन्ने जवाफ दिए । १ जनाले गर्नसक्नुहुन्छ भन्ने लाग्छ तर चुनौतीपूर्ण समय भएकाले अहिल्यै भन्न चाहिँ नसकिने वताए । र अर्का १ जनाले हेर्न वाँकी नै छ भने । उनीहरुले केसीको अहिले सम्मको छविकै अधारमा त्यो अनुमान गरेको पनि बताए ।

जवाफकर्ताको भनाईले पनि केसीले अहिलेसम्म गलत नियत राखेर, स्वार्थ राखेर कुनै काम नगरेको र आफ्नो अडानमा सँधै स्थिर रहेको भन्ने पुष्टि गर्दछ । तर उहाँ सँधै प्रतिपक्षमै रहेर अहिलेसम्म आलोचक मात्र बनेकाले यो छवि बनेको पनि हुनसक्छ । यसपटक केसी संस्थापन बन्ने अवसर पाउनुभएको छ । उहाँ अव प्रश्न उठाउने ठाउँबाट अरुलाई जवाफ दिने ठाउँमा पुग्नुभएको छ । अव केसीलाई अरुले प्रश्न उठाउन थाल्छन । उहाँले जवाफ दिनुपर्ने छ । अहिलेसम्म सत्तामा रहेकाहरु लाई उहाँले गर्दै आएको आलोचना अव आफै माथि सोझिन्छ । त्यसैले उहाँको वास्तविक परीक्षाको घडी हो यो । यो परिक्षाको परिक्षार्थी केसी आफै हो । उहाँ सफल असफल हुने कुरा उहाँकै भूमिकामा भरपर्छ । अर्को कुरा उहाँले सर्वजनिक रुपमा बोल्दा अहिलेपनि सत्तापक्षलाई नै आलोचना गर्नुभएको छ । अव उहाँको यो भूमिका वदलिनुपर्छ भन्नेहरु पनि धेरै छन् । उहाँ आफैले पनि अव त बोली फेरिनुपर्ने हो तपाइँको भनेर भन्छन् । पछिल्लो मुलुकको समसामयिक कुरामा केसीले प्रमुख तीन दल कांग्रेस, एमाले र एमाओवादी मिलेका कारण मात्र नयाँ संविधान सम्भव भएको उहाँको निष्कर्ष छ । अवको समय भनेको संविधान कार्यान्वयनको हो र कार्यान्वयनको लागि पनि यि तिन दल एकै ठाउँमा आउनैपर्ने उहाँको तर्क छ । संविधान निर्माण भएपछि देखिएको मुख्य दलवीचको दुरीलाई कम गर्न समन्वयकारी भुमिका निर्वाह गरि परिणाम निकाल्न सक्नुभयो भने त्यसमा पनि उहाँको सफलता हुनेछ ।

अर्कोतर्फ कुरा मधेश आन्दोलनको विषयमा उहाँले आफ्नो पुरानै धारणा राख्नुभएको छ । केसीले तराई मधेशका जिल्लालाई पहाडबाट छुट्याउने षड्यन्त्र भएको भन्दै मधेशीले भने जसरी सीमाङ्कन गर्न नसकिने तर्क गर्नुभएको छ । दोधारा चाँदनीलाई पर्सा विरगञ्जबाट शासन गर्ने कुरामा धेरै रहस्य भएको अडान राख्नुभएको छ । सीमाङ्कनमा मधेशीले सम्झौता नै नगर्ने पक्षमा छन त्यसो भए सरकारको धारणा पेलेरै समस्या समाधान हुन्छ भन्ने हो त ? भन्ने प्रश्नमा भने सहमतिमा लेनदेन हुने तर जस्ले भन्छ त्यो मान्न नसकिने बताउनुभएको छ । मधेशको समस्या समाधानमा पनि उहाँको समन्वयकारी भूमिका नै वाञ्छित हुनसक्ला । अहिलेको मुलुकको नाकावन्दी र संकट मुख्य त मधेश आन्दोलन कै उपज हो ।

केसीले नेपालको राष्ट्रियता, अखण्डता र स्वाभिमानको विरुद्धमा सरकारले कुनै सम्झौता नगर्ने बताउनुभएको छ । नाकावन्दीको विषयमा उहाँले सार्वभौम मुलुक नेपालले आफ्नो संविाधान कस्तो बनाउने भन्ने कुरा आफैले निर्णय गर्न सक्ने भन्दै त्यसप्रति छिमेकी मुलुक भारतले टाउको दुखाउनुपर्ने कुनै कारण नरहेको बताउनुभएको छ । उहाँले नेपालीले आफ्नो घरभित्रको समस्या समाधान गर्न आफै सक्ने भएकाले छिमेकीले संविधान निर्माणमा असहमति राखेर नाकावन्दी गर्नु हेपाहा प्रवृत्ति र अपरिपक्व कुटनीतिको परिणाम भएको दावी गर्नुभयो । केसीले तराई मधेशका जिल्लालाई पहाडबाट छुट्याउने षड्यन्त्र भएको भन्दै मधेशीले भने जसरी सिमाङ्कन गर्न नसकिने तर्क गरे । भारतले भुपरिवेष्ठित मुलुक नेपाललाई पारवहन अधिकारबाट बञ्चित गर्नु अन्तर्राष्ट्रिय सन्धि विपरित भएकाले त्यसको समाधानका लागि सरकारले कुटनैतिक रुपमा पहल गरिरहेको बताउनुभयो ।

उहाँले लिएको मन्त्रालयको जिम्मेवारीको विषयमा सहकारी मार्फत गरिवी निवारण गर्नुपर्ने भन्दै मन्त्रालयबाट सहकारी ऐन संशोधन प्रक्रिया अघि बढाईएको र वास्तविक गरिव पहिचानको लागि पहिलो चरणमा २५ ओटा जिल्लामा काम सुरु गरिने जानकारी दिनुभयो । पहिलो चारणमा काम हुने २५ जिल्लामा बागलुङ पनि परेको केसीको भनाई छ । यी सवै परिस्थितिले उहाँको सत्तायात्रालाई गलकोट बागलुङमा मात्र नभएर सिङ्गो मुलुक र अन्तर्राष्ट्रिय रुपमा पनि निकै महत्वका साथ हेरिनु स्वभाविक हो । र विभिन्न टिप्पणी, अड्कलवाजी, भरोसा तथा आसङ्कापुर्ण तरिकाले हेरिनुलाई अन्यथा मन्ने अवस्था छैन । सरकारमा रहेर केसीले गर्ने कामको महत्व, आशा भरोसा गलकोट बागलुङवासीका लागि जति छ, समग्र नेपालकै लागि पनि कुनै दृष्टिबाट कम छैन । त्यसैले उहाँ आशा, भरोसा र चिन्ताका विच आसंकाको डोरीबाट पनि वाँधिनुभएको छ । यो केसीका लागि संगिननको धारमा हिड्ने चुनौतीसँगै दुवै हातमा लड्डु पार्ने सुनौलो अवसर पनि हो ।

राजनैतिक जीवनको अन्तिम र कतै पहिलो परिक्षापनि हो । हुनत उहाँकै भनाई अनुसारपनि अव फेरीफेरी सत्तामा जान नचाहेको र आफ्नो उमेरलेपनि त्यो नदिने बताएकाले फेरीफेरी प्रश्न उठाउने ठाउँ चाहि नरहन सक्छ । तर पहिलो र अन्तिम हुनसक्ने सत्तावसाईको मुल्याङ्कन भने समय वेगसँगै पक्कै हुनेछ ।

साभार : जनमञ्च

# मधेशमा जारी आन्दोलनले न्याय सेवा प्रभावित

**काठमाडौं ९ मंसिर ।(गोल्डेन)**

मधेसमा जारी आन्दोलनले तराईका जिल्लाहरूमा न्याय सेवा प्रभावित भएको न्यायाधीशहरूले जनाएका छन् । सर्वोच्च अदालतका न्यायाधीश र पुनरावेदनका मुख्य न्यायाधीशहरूको न्यायालयको प्रथम चौमासिक अवधिको कार्य समीक्षा बैठकमा तराई क्षेत्रका न्यायाधीशहरूले आन्दोलनका कारण अदालत प्रभावित भएको बताएका हुन् । 'आन्दोलनका कारण मुद्दाहरूको फर्स्यौट र नयाँ मुद्दा दर्ता प्रक्रियामा प्रभावित भएको देखियो,' सर्वोच्चका प्रवक्ता नहकुल सुवेदीले भने,-'अन्य जिल्लामा चाहिँ न्याय प्रक्रिया सामान्य अवस्थामै अघि बढिरहेको छ ।' यसैबीच सर्वोच्च अदालतले नयाँ संविधानलाई व्यावहारिक रूपमा अघि बढाउन आवश्यक सहयोग गर्ने प्रतिबद्धता जनाएको छ । प्रधानन्यायाधीश कल्याण श्रेष्ठको कार्यकक्षमा बसेको मुख्य सचिव, अर्थ, सामान्य, वन र गृह सचिवको बैठकमा प्रधानन्यायाधीश ले संविधानको भावनाअनुरूप काम गर्न अदालत प्रतिबद्ध भएको भन्दै त्यसअनुसार आवश्यक जनशक्ति र बजेटको व्यवस्था गर्न सचिवहरूलाई आग्रह गरेका थिए । सचिवहरूले पनि अदालतलाई चाहिने सबै व्यवस्था मिलाउन र आफ्ना क्षेत्रबाट समन्वय गर्न प्रतिबद्ध भएको बताएका थिए ।

बैठकमा भूकम्पले अदालतको संरचनामा पारेको प्रभाव र त्यसको पुनर्निर्माणका बारेमा पनि छलफल भएको थियो । संविधान जारी भएपछि त्यसबमोजिम तयार गर्नुपर्ने नयाँ कानुन, त्यसका लागि आवश्यक जनशक्ति, स्रोत साधनको उपलब्धताका बारेमा पनि छलफल भएको थियो । नयाँ संविधानले अधिकार क्षेत्रको पुनर्व्यवस्थापन गर्दै एक वर्षभन्दा बढी कैद सजाय हुने मुद्दा अदालतबाहेक अन्यले नहेर्ने प्रावधान समावेश गरेको छ । जसअनुसार वन, सिडिओ कार्यालय जस्ता अर्धन्यायिक निकायले हेर्दै आएका मुद्दाहरू अदालतमा सर्ने भएकाले बढ्दो मुद्दाको संख्यालाई समायोजन गर्न जनशक्ति र त्यसअनुसारको संरचनाको आवश्यकता परेको बारे छलफलमा कुरा उठेको प्रवक्ता सुवेदीले जनाए ।

# गोल्डेन नेचरमा हिज्जे प्रतियोगिता

**गोल्डेन न्यूज संवाददाता**
**पोखरा ९ मंसिर ।**

लेखनाथ नगरपालिका वडा नं. १२, खुदी-ढुङ्गेपाटन स्थित गोल्डेन नेचर उच्च माध्यमिक विद्यालयमा अङ्ग्रेजी हिज्जे प्रतियोगिता सम्पन्न भयो । विद्यार्थीहरूमा निहीत प्रतिभा प्रष्फुटन उद्देश्यले नियमितरूपमा आयोजना हुने विभिन्न अतिरिक्त कियाकलापहरु अन्तर्गत हिज्जे प्रतियोगिताको आयोजना गरिएको हो । प्रतियोगितामा कक्षा ४ देखि ६ सम्मका विद्यार्थीहरू सहभागी भएका थिए । प्रतियोगितामा पहेलो सदनका अञ्जन भुजेल, अंकिता आचार्य, अशिम सिंह ठकुरी र रितेश थापाको समूहले प्रथम स्थान प्राप्त गर्न सफल भएको विद्यालयका प्रिन्सिपल प्रेम प्रसाद शर्मा सुवेदीले जानकारी दिए।

प्रतियोगितामा निलो सदनका सविन जमरकट्टेल, सुमित सुबेदी, भूमिका बसौला र स्मृति तिमिल्सेनाको समूहले द्वितीय स्थान प्राप्त गर्न सफल भएका थिए । कार्यकमको संयोजन शिक्षक प्रेम बहादुर बुढाथोकी र शिक्षिका अमिता जि.सी.ले गरेका थिए ।

**बैंक व्यालेन्स**
बैंक व्यालेन्स सर्टिफिकेट तथा बैंक ट्रान्सफर गर्नुपरेमा हामीलाई सम्झनुहोस् ।
सम्पर्क
९८२६१-०६६०२

**अनेक समस्या सफल उपचार**
ग्याष्ट्रिक: खाना रुचि नहुने, अमिलो पानी आउने, झुसिल ढकार आउने जस्तो सुकै पुरानो ग्याष्ट्रिकको सफल उपचार ।
यौन समस्या:- सिघ्र स्खलन, उत्तेजना नहुने, लिङ्ग चिलाउने, स्वप्न दोष जस्तो सुकै यौन समस्याको सफल उपचार ।
महिला सम्वन्धि समस्या
महिनामारी गडवडी, सेतोपानी बग्ने, योनी चिलाउने, तल्लो पेट ढाड कम्मर दुख्ने, पेट तथा छातीमा भएको सेतो धर्सा हटाउने, स्तन बढाउने तथा घटाउने तथा टाईट गर्ने, यौन चाहानामा कमी हुने जस्तो सुकै समस्याको आयुर्वेदिक पद्दतिबाट सफल उपचार ।
जाँड रक्सी थाहा नदिई केहि दिनमै छुटाउने
सुन्दरता:- कालो चायाँ पोतो, डण्डिफोर, दाग धब्बा, मखिया, कोठी, चाउरपिन हटाई पुरै शरिर गोरो बनाउने ।
दुब्लो पातलो शरिरको तौल बढाउने साथै मोटो पन घटाउने ।।
थप उपचार:- प्रेसर, सुगर, जण्डिस, पिनास, पाइल्स, दम साथै बाथ, ढाड कम्मर, हाड जोर्नी पुरै शरिर दु:खाई ठिक पार्ने मसाज तेल ।
शितल आयुर्वेद फर्मा
पृथ्वीचोक, पोखरा, मुक्तिनाथ विकास बैंकको अगाडि पोखरा इलेक्ट्रोनिक्स भवन भित्र
फ्रि होम डेलिभरि
फोन नं.०६१-५३१८६७, ०६-१२२९९९८, मो. ९८४६१३७४१८

**पोखरामा पहिलो पटक**
यौनवर्द्धक : लिङ्गको साइज, पावर बढाउन, शिघ्र स्खलन रोक्न, विश्व विख्यात हर्बल सप्लिमेन्ट उपकरण, मसाज तेल (महिला पुरुष दुबैको लागि)
स्तन बढाउन, घटाउन, टाइट गर्न, गुप्ताङ्ग कसिलो बनाउन, पेटको चिरा हटाउन।
केश झर्न रोकी उमार्ने तेल, Hair Building Fibers.
Cuit Face बनाउन रुप अमृत (Inddian), Fair Look
उचाई बढाउन Step Up, Triple Height
तौल बढाउन (B.D.P) Body Buildo घटाउन (More Slim)
थाहै नदिई जाँड रक्सी चुरोट, खैनी, गाँजा तथा ड्रग्स छुटाउन।
ढाँड तथा जोर्नी दुखाई ठिक पार्न, सन्धी सुधा पेनतिल।
अब Facebook मा www.facebook.com/Pokhara Herbal Home
पोखरा हर्वल होम्स
(भाटभटेनीको ठिक अगाडि) न्यूरोड, पोखरा
061-539070, 9856035331, 9804122919
फ्रि होम डेलिभरी

# नाकाबन्दी र आन्दोलनप्रति कलाकारको चिन्ता

काठमाडौं ९ मंसिर ।

भारतले गरेको अघोषित नाकाबन्दी र तराईमा जारी मधेस आन्दोलनले उब्जाएको समस्या बारेमा चलचित्रकर्मी चिन्तित बनेका छन् । लामो समयदेखि नाकाबन्दी र तराई बन्दले नेपालीहरूले पाएको दुःखको सरकारले समाधान गर्न नसकेको भन्दै कलाकारहरूले काठमाडौंमा मंगलबार शान्ति र्‍याली निकाली सरकारलाई तत्काल समस्याको समाधान खोज्न आग्रह गरे । भारतले गरेको नाकाबन्दी प्रति राज्य मौन बसेकोले राज्यले चाँडै यसको निष्कर्ष निकाली समाधान खोज्न उनीहरूले सरकारलाई ध्यानाकर्षण गराएका हुन् ।

नेपाल चलचित्र कलाकार सङ्घका अध्यक्ष नवल खड्काले समस्याको छिटो समाधान खोज्न सबैभन्दा पहिला सरकार नै सक्रिय हुनुपर्नेमा जोड दिए । भारत र नेपाल प्राचिनकालदेखिनै मित्रको रुपमा रहँदै आएकाले भारतले यसरी नेपालीलाई नाकाबन्द गरी दुःख दिनु राष्ट्रका लागि दुःखदायी भएको बताउँदै राष्ट्रका सबै जनता एक भएर लाग्नुपर्ने अवस्था आएको सङ्गितकार टीका भण्डारीको धारणा छ । उनले इतिहासमा नै सबैभन्दा दुःखदायी अवस्थामा देश रहेकाले र कलाकार सचेत नागरिक भएकाले जनतालाई सचेत बनाउन सबै एकभएर लाग्नुपर्ने बताए ।

हाँस्य कलाकार शिवहरि पौडेलले भारतले अघोषित रुपमा गरेको नाकाबन्दी खुलाउने सङ्केत नदेखिएकोले समस्यालाई अन्तर्राष्ट्रियकरण गरी समाधानको लागि अन्य देशबाटसमेत सहयोग माग्न सरकारलाई आग्रह गरे । कलाकार पौडेलले सात महिनाअघि भूकम्पकाकारण देशले ठूलो जनधनको क्षतिको सामना गर्नुपरेको थियो भने अहिले छिमेकी देशले गरेको अमानवीय व्यवहारले गर्दा देशको विकास दश वर्षपछि परेको भन्दै चिन्ता व्यक्त गरे । यो कलाकारको मात्र समस्या नभई देशभित्र रहेका सम्पूर्ण जनताले भोग्नुपरेको साझा समस्या हो, यसको समाधानका लागि सम्पूर्ण नेपाली एक ढिक्का भएर समाधान तर्फ लाग्नुपर्छ, अन्यथा यो समस्याले निकास पाउने छैन, भन्छन्- हास्यकलाकार निर्मल शर्मा 'गैंडा' । सम्पूर्ण नेपाली एक साथ भएर अगाडि बढ्नुको विकल्प नभएको धारणा छ, लोकगायक बद्री पङ्गेनीको । उनले छिमेकी देशले सीमित स्वार्थका लागि यसरी नाकाबन्द गरी इन्धन, औषधि लगायतका अत्यावश्यक सामग्री भित्रन नदिनु अमानवीय भएको बताए । यसरी भारतले नाकाबन्द गरिरहँदा नेपाली जनताले मात्र दुःख नपाएको स्वयम् भारतीय नागरिकले पनि समस्या भोगिरहेकाले सरकारले यसलाई छिटो समाधान गर्नुपर्छ, उनी भन्छन् ।

नेपालीले नेपाली भएर बाँच्न पाउनुपर्ने हक कसैले खोस्न नसक्ने बताउँदै अर्का हास्यकलाकार किरण केसी मधेसका जायज मागलाई सरकारले सम्बोधन गरी आन्दोलनरत पक्षलाई छिटो वार्तामा बोलाउनुपर्नेमा जोड दिए। सरकारले एक नाकाबन्द भए अर्को अर्को नाकाबाट भए पनि आवश्यक आयातित सामग्री ल्याउनुपर्ने उनले आग्रह गरे । उनले भने-"म भारतीय प्रधानमन्त्री नेपाल आउँदा धेरै प्रभावित भएको थिएँ, तर नेपालीलाई उनले दुःख दिन नाकाबन्द गरेकाले उनीप्रतिको श्रद्धा घटेको छ, उनले छिमेकी देशलाई दिनुपर्ने पारवाहन सुविधा खोस्नु हुँदैन ।" यस्तै, अर्का कलाकार भुवन चन्दले भारतले नेपाली जनतालाई मात्र नभई आफ्ना नेपालमा रोजगारी गरिरहेका भारतीय नागरिकलाई पनि दुःख दिएकाले भारत सरकारले छिटोभन्दा छिटो राजनीतिक स्वार्थ नराखी नाका खोली मानवताको नाताले पनि भारतले समस्या समाधान गर्न आग्रह गरे ।

भारतले गरेको अघोषित नाकाबन्दी अन्तर्राष्ट्रिय मान्यता विपरित भएकोले यसलाई खुलाउनु पर्छ भन्दै सञ्चारकर्मी तथा गायिका कोमल वलीले जनताको दुःख समाधान गर्न आग्रह गर्दै कलाकारले र्‍यालीलगायतका विभिन्न कार्यक्रम गर्न लागेको बताए । चलचित्र कलाकार सङ्घले केही दिनअघि प्रधानमन्त्री केपी शर्मा ओलीलाई भेटी ज्ञापनपत्र दिएको र सोमबार मात्र भारतीय राजदूतलाईसमेत भेटी नेपाली जनताले पाएको दुःखका बारेमा अवगत गराई तत्काल नाकाबन्दी खोल्न अनुरोध गरेको अध्यक्ष खड्काले बताए । रासस

# अनेरास्ववियुको रक्तदान, ७० युनिट संकलन

गोल्डेन न्यूज संवाददाता
पोखरा ९ मंसिर ।



भारतको अघोषित नाकाबन्दीका कारण सिर्जित रगतको अभावलाई कम गर्न अनेरास्ववियु त्रिभुवन विश्वविद्यालय जिल्ला कमिटीले रक्तदान कार्यक्रम बुधबार सम्पन्न गरेको छ । शहिद फणिन्द्र स्मृति दिवसका अवसरमा पोखराको पृथ्वी नारायण क्याम्पसमा सम्पन्न रक्तदान कार्यक्रममा ७० युनिट रगत संकलन गरिएको संगठनका अध्यक्ष विवेक देवकोटाले जानकारी दिए । कार्यक्रमको उद्घाटन गर्दै नेकपा एमालेका गण्डकी इञ्चार्ज मायानाथ अधिकारीले राष्ट्रलाई संकट परेको बखत युवा विद्यार्थीहरुले संकट टार्नका लागि काम गर्नुपर्नेमा जोड दिए । उनले भने-"विद्यार्थी शक्ति ध्वंसको धब्बा मात्र होइन रचनात्मक निर्माणको संवाहक पनि हो ।" कार्यक्रममा नेकपा एमाले कास्कीका सचिव दामोदर बैरागी, नेकपा एमाले जिल्ला सदस्य अर्जुन सुनाम, राष्ट्रिय जनसाँस्कृतिक महासंघ गण्डकीका इञ्चार्ज मनकुमार श्रेष्ठ, अनेरास्ववियु केन्द्रीय सदस्यहरु सरिता पुरी, जमुना ढकाल, अनेरास्ववियु गण्डकीका सचिव भरत गुरुङ्ग लगायतले पनि आफ्नो धारणा राखेका थिए । कार्यक्रम रक्तसञ्चार केन्द्र पोखराको प्राविधिक सहयोगमा सम्पन्न भएको थियो । कार्यक्रम कमिटीका अध्यक्ष विवेक देवकोटाको अध्यक्षता, उपाध्यक्ष सुजनबाबु लामिछानेको स्वागत तथा सचिव अमृत ढकालको सञ्चालनमा सम्पन्न भएको थियो ।

# नारी अभियानद्वारा सद्भाव र्‍याली आयोजना

पोखरा ९ मंसिर ।(गोल्डेन)

यहि मंसिर १५ गते पोखरामा बृहत सद्भाव र्‍याली हुने भएको छ । सामाजिक जागरणका लागि नारी अभियानको आयोजना नगर महिला समन्वय समितिको संयोजनमा आयोजना हुन लागेको उक्त र्‍यालीमा विभिन्न संघसंस्थाको सहकार्य रहने छ । उक्त र्‍यालीमा आध्यात्मिक, धार्मिक संघसंस्था, पेशागत संघसंस्था, विद्यार्थी, अधिकारकर्मी, नागरिक समाज, संचारकर्मी, विद्यार्थी तथा आमा समुह तथा टोल विकास संस्था सबैको स्वतःस्फुर्त रुपमा सहभागिता हुने अभियानकी संयोजक नेपाल पत्रकार महासंघका केन्द्रीय सदस्य सुष्मा पौडेलले वताइन् । नेपालको संविधान-२०७२ जारि गरेलगत्तै संविधानप्रति असन्तुष्टि प्रकट गर्दै केही पक्षले तराईमा गर्दै आएको लगातारको आन्दोलन र सीमा नाका बन्द गर्नेजस्ता क्रियाकलापले देशमा अस्थिरता, अराजकता, असहजता बढ्दै गइरहेको अवस्थामा सहज जीवनयापनका लागि दवाव स्वरुप र्‍याली आयोजना गरिएको हो ।

बजारमा अतिउपभोग्य सामानको अभावमा सृजना भएको मानवीय संकट, नागरिकहरुबीच मौलाउदै गएको मतभेद र गलत मनोविज्ञानका साथै छिमेकी राष्ट्र भारप्रति समेत नकारात्मक भावनाहरु बढ्दै गइरहेको वेला नेपाल सरकार र भारत सरकारलाई दबाब दिनुका साथै आन्दोलनरत समुदायलाई पनि वार्ता मार्फत नै समस्याको समाधान खोजि नाकाबन्दी जस्तो अमानवीय कार्य नगर्न अनुरोध गर्ने तथा भारतीय राजदूत तथा नेपाल सरकारलाई ज्ञापनपत्र वुझाउने समेत कार्यक्रम रहेको छ । उक्त र्‍याली भारतलाई असल छिमेकी राष्ट्रको कर्तव्य निर्वाह गरि अत्यावश्यक उपभोग्य बस्तुहरुको पारवहन वैकल्पिक मार्ग एवं उपाय अपनाएर भएपनि सहज गराई नेपालमा मानवीय संकट आउन नदिन सहयोग गर्न अनुरोध गर्दै पोखरामा बसोवास गर्ने मधेसी समुदायका नागरिक, भारतीय मुलका नागरिक साथै सबै वर्ग र समुदायका नागरिकहरुबीच कुनै पनि मनमुटाव र तनाव सृजना नहोस् भन्ने उद्देश्यले आयोजना गरिएको पौडेलले जानकारी दिएकी छिन् । कार्यक्रम संयोजक नगर महीला समन्वय समितिका अध्यक्ष पवित्रा गरुङले यस्ता वेला महिलाहरु चुपचाप वस्न नहुने भन्दै सम्पूर्ण वडाका आमा समुह तथा महिला समन्वय समितिका सदस्यहरुलाई व्यानर सहित उपस्थित हुने अनुरोध गरिन् ।उनले अव नकारात्मकका साथ होइन सकारात्मकताका साथ दभाव दिन आवश्यक भएको भन्दै उक्त र्‍यालीमा सहभागी हुन अनुरोध गरिन् ।

# पक्षे अस्पताल हातामा रहेको विरुवा गोडमेल

गोल्डेन न्यूज संवाददाता
पोखरा ९ मंसिर ।



लायन्स क्लब अफ पोखरा गोल्डेन सोसाईटीद्वारा पश्चिमाञ्चल क्षेत्रीय अस्पताल हाता भित्र रहेका बिरुवाहरुको गोडमेल कार्यक्रम सम्पन्न गरेको छ । लायन्स क्लब अन्तर्राष्ट्रिय डिष्ट्रिक्ट ३२५ बी १ नेपाल अन्तर्गत पोखरा स्थित लायन्स क्लबहरुले संयुक्त रुपमा गत जुलाई महिनामा अस्पताल हाता भित्र गरिएको बृक्षरोपणको लायन्स क्लब अफ पोखरा गोल्डेन सोसाईटीले बुधवार गोडमेल कार्यक्रम सम्पन्न गरेको हो ।

गोडमेल कार्यक्रमको उद्घाटन गर्दै डिष्ट्रिक्ट ३२५ बी १ नेपालका डिष्ट्रिक्ट गर्भनर ध्रुव बहादुर थापाले बिरुवा रोप्नु मात्र नभई गोडमेल गरी बिरुवाको संरक्षण कार्य ठूलो रहेको बताए । यस कार्यमा डिष्ट्रिक्टको नयाँ महिलामात्रको क्लबको रुपमा रहेको गोल्डेन सोसाईटीद्वारा बिरुवा गोडमेल कार्यमा अग्रसरता देखाई राम्रो कार्य गरेको बताए । कार्यक्रममा एरिया चिफ को-अर्डिनेटर तीर्थलाल श्रेष्ठ, डिष्ट्रिक एड्भाईजर दिनबन्धु पौडेल, ट्री प्लान्टेशन कमिति चेयरपर्सन तीर्थ बहादुर बस्नेत, ब्लड डोनेशन कमिटी चियरपर्सन किशोर बराल, रिजन चियरपर्सन गौरवराज भण्डारी, जोन चेयरपर्सन द्वय चूडामणि बराल र कृष्ण बहादुर अधिकारी, लायन्स क्लब अफ पोखरा गोल्डेन चौतारीका अध्यक्ष राजेश्वर आचार्य, पिस सिटीका अध्यक्ष टंकराज अधिकारी लगायतले गोल्डेन सोसाईटीद्वारा गरिएको कार्यको प्रशसा गरेका थिए । क्लबकी अध्यक्ष सीता बरालको अध्यक्षतामा भएको कार्यक्रममा प्रथम उपाध्यक्ष बिष्णु पराजुलीले स्वागत मन्तब्य र कार्यक्रम संचालन सचिव भवानी अधिकारी बरालले गरेका थिए ।

# अलैंचीबाटै आम्दानी

गोरखा ९ मंसिर ।

अलैंची बेचेर मनग्य आम्दानी हुन थालेपछि गोरखाका किसानले अलैंची खेतीको बिस्तार गरेका छन् । ओसिलो, भिरालो वा पखेरामा गरिँदै आएको अलैंची खेती किसानले धान, कोदो लगाउँदै आएको समथर जमीनमा सुरु गरेका हुन् । किसान अलैंचीलाई 'खोल्सीको सुन' भन्छन् । जिल्लाको खरिबोट, हंशपुर, थालाजुङ्ग, मुच्चोक, केराबारी क्षेत्रका किसानले अलैंचीको व्यावसायीक खेती गरेर मनग्य आम्दानी लिएपछि सिम्जुङ्ग, सौरपानी, घ्याच्चोक, बारपाक, लाप्राक र गुम्दा गाविसका किसान पनि अलैंची खेतीतर्फ आकर्षित भएका हुन् ।

# टप्स उमाविका विद्यार्थीलाई ट्राफिक सचेतना

गोल्डेन न्यूज संवाददाता
पोखरा ९ मंसिर ।

पोखराको रामघाटस्थित टप्स उच्च मा.विमा अध्ययरत विद्यार्थीहरुलाई ट्राफिक नियम सम्बन्धि सचेतनामूलक स्कुल सम्पर्क कार्यक्रम सम्पन्न भयो । सामुदायिक सेवा एंव सामुदायिक प्रहरी सेवा पृथ्वीचोक पोखराको आयोजनामा र जिल्ला ट्राफिक प्रहरी कार्यालय कास्कीको प्रविधिक सहयोगमा उक्त कार्यत्रम सम्पन्न भएको हो । सेवा केन्द्रका अध्यक्ष गजेन्द्रमान श्रेष्ठको अध्यक्षतामा र टप्स उच्च मा.वि.का संस्थापक भक्ति गुरुङ्गको प्रमुख आतित्यथामा सम्पन्न कार्यक्रममा कार्यक्रम संयोजक संस्थाका उपाध्यक्ष जयराम अधिकारीले कार्यक्रमको उद्देश्य माथि प्रकाश पारेका थिए । कार्यक्रममा जिल्ला ट्राफिक प्रहरी कार्यालय कास्कीका प्रहरी नायव निरीक्षण राजेन्द्र बहादर कार्कीले ट्राफिक नियमको उल्लंघनबाट ट हुन सक्ने दुर्घटना र त्यसबाट बच्ने उपायहरु तथा अन्य आवश्यक विषयवस्तुहरु समेटेर श्रव्य दृश्य मार्फत जानकारी गराएका थिए । कार्यक्रममा बोल्दै प्रमुख अतिथि भक्ति गुरुङ्गले जति जति मानिसको चाप बढ्दै जान्छ त्यति नै दुर्घटना पनि बढ्दै जान्छ र चालकहरुको लापर्वाहीका कारण सवारी दुर्घटना बढी हुने भएको विद्यार्थी भाईबहिनी हरुले प्रशिक्षणबाट सिकेका कुराहरुलाई अरुलाई सिकाई दुर्घटना न्युनीकरण गर्नमा सहयोगी भूमिका खेल्नुपर्ने बताएका थिए । संस्थाका निवर्तमान अध्यक्ष चिरञ्जवी श्रेष्ठले समुदायिक सेवा केन्द्र प्रहरी र नागगिक वीच सहकार्यमा स्थापति संस्था हो र यसले आफ्नै श्रोत र साधानबाट विभिन्न समाजिक तथा सचेतनामूलक कार्यक्रमहरु संचालन गर्दै आइरहेको र यो संस्था कुनै अन्य एनजिओ जस्तो बाह्य कुनै किसिमको सहयोग नआउने बताएका थिए । कार्यक्रमका अध्यक्ष गजेन्द्रमान श्रेष्ठले सामुदायिक सेवा केन्द्रको परिचय तथा यसले गरेका काम कार्यको बारेमा प्रष्ट पार्दै विद्यार्थी भाई वहिनीहरुले प्रशिक्षमा सिकेका कुराहरु विद्यालय आउँदा जाँदा अरुलाई पनि सिकाउन पर्ने र सबैमा ट्राफिक नियम सम्बन्धी ज्ञान भए सडक दुर्घटनामा कमी हुने बताए । कार्यक्रममा कक्षा ९ र १० मा अध्ययनरत १०५ जना विद्यार्थी सहित शिक्षक-शिक्षिकाहरु, कार्यसमिति सदस्य शान्ति राणा, निरञ्जन बजिमय, कार्यरत प्रहरी कर्मचारी प्रहरी ईन्चार्ज प्रहरी सहायक निरीक्षक कन्या गुरुङ्ग, प्रहरी जवान हिराधर उपाध्याय, जिल्ला ट्राफिक प्रहरी कार्यालयका प्रहरी जवान चित्रबहादुर कार्की लगायतको सहभागिता रहेको संस्थाका सचिव धर्मदत्त आचार्यले बताए ।

# जिल्ला अदालत बारमा उम्मेदवारी मनोनयन

गोल्डेन न्यूज संवाददाता
पोखरा ९ मंसिर ।

कास्की जिल्ला अदालत बार एशोसिएशनको तेश्रो कार्यकाल (०७२/०७४) को लागि बुधबार उम्मेदवार मनोनयन सम्पन्न भएको छ । नेपाल बार एशोसिएशनको ८४औ शाखाको रुपमा स्थापित कास्की जिल्ला बारमा ५३ जना सदस्यहरु रहेका छन् । कास्कीमा कार्यरत बिभिन्न विचार समूहका कानुन व्यवसायीहरुको साझा तथा सहमतीय संस्कार अनुरुप स्थापनाकाल देखिनै अगाडि बढेको कास्की जिल्ला बारमा यस पटकको निर्वाचनमा पनि सहमतिमा नै उम्मेदवारी परेको निर्वाचन संयोजक अधिवक्ता कमलप्रसाद अर्यालले बताए । मसिंर ११ गते हुने निर्वाचनका लागि बुधवार भएको मनोनयनमा प्रगतिशील तथा पेशागत कानून व्यवसायी संगठनबाट अध्यक्ष अधिवक्ता सोमबहादुर श्रेष्ठ, कोषाध्यक्षमा अधिबक्ता मदनप्रसाद तिवारी, सदस्यहरुमा अधिवक्ताहरु लिलाबल्लौं न्यौपाने, बिष्णुप्रसाद अधिकारी, हेमराज बराल, डण्डपाणि बराल, कृष्णकुमार श्रेष्ठ, प्रजातान्त्रिक कानून व्यवसायी संगठनबाट सचिवमा वीरेन्द्र बाँस्तोला र सदस्यहरुमा गीता आचार्य, दुर्गेषराज पन्त, कमल थापा, बाबुराम अर्याल तथा गणतान्त्रिक कानून व्यवसायी समूहबाट उपाध्यक्षमा शिबबहादुर सुनारको उम्मेदवारी मनोनयन दर्ता भएको निर्वाचन संयोजक अर्यालले जानकारी दिए । उम्मेदवारी उपर दावाबिरोध नपरेमा यसै मनोनयनलाई शुक्रबारको अबिधेशनमा निर्वाचित भएको घोषणा गरिने छ भने मंसिर २३ गते पदस्थापन गरिने कार्यक्रम तय भएको निर्वाचन संयोजक अर्यालले बताएका छन ।

गोल्डेन न्यूज राष्ट्रिय
दैनिक अनलाइनमा
पढ्न र सुनौलो
एफ.एम. १०२.२
मेगाहर्ज सुन्न
Log on :
www.goldennews.com.np

खुशीको खबर !
के तपाईंलाई लागोभागो भई छेदभेद गर्दै हुनुहुन्छ ? चिन्ता नगर्नुहोस्, अकलाको गउडो पार लगाउने देवी हुनुहुन्छ । साथै ढाड दुखेको, वाथ, शुक्री, बाँझोपन हटाउने ग्याष्ट्रिक, रक्सी छुटाउने औषधि समेत पाइन्छ । *महिनावारी भएको ७ दिन र जूठो परेको १ वर्षपछिमात्र आउने ।*

अकलादेवी चढेकी अधिकारी (मिरुवाचोक प्रतिक्षालय नजिक)
वडा नं. २ घर नं. २ । सम्पर्क : ९८४६२८५९५९

Study in Japan
Intake for January & April-2016
City of your choice
Tokyo | Chiba | Nagoya | Fukuoko | Sendai | Osaka | Okinawa | Gunma ken & many more ...
& China
Dalian | Nantong
Free Processing for Master, Bachelor & +2 First Divison Students*
1. SLC मा उर्तिणले apply गर्न सकिने
2. Part Time Job ग्यारेन्टी
3. Work Visa मा Change गर्न मिल्ने
4. विश्वविद्यालय जान सकीने
5. NAT & JLPT Not required
6. IT Job-Guaranteed Course for IT bachelor Students
Contact: WE MAKE YOUR FUTURE BRIGHT
MIRAI INTERNATIONAL EDUCATIONAL CONSULTANCY
Mahendrapool, Bastholathar (Medicalline), Pokhara
061-520113, 9856046980, 9846646980
miraiinternational.edu.cons@gmail.com

प्रो. वद्री के.सी. : ९८५६०२९८४६
प्रो. गोपाल बहादुर कार्का : ९८५६०३१८७२
प्रो. राजेश के.सी. : ९८५६०३७३१७
ईन्द्रेणी क्याटरिङ एण्ड पार्टी प्यालेस
चापापानीमार्ग, पोखरा-१२, फोन : ०६१-५२५६४६, ५२७३०४
शुभ-विवाह, जन्मोत्सव, अन्नप्राशन, व्रतवन्ध, पिकानक, सेमिनार तथा अन्य कुनैपनि कार्यक्रमका लागि टेण्ट, लाइट, डेकोरेशन एवं फुल तथा हाफ क्याटरिङका साथै कुक चाहिएमा हामीलाई सम्झनुहोस् ।
(हामीकहाँ २०० गाडी अटाउने पार्किङ पनि छ ।)

सस्तोमा जहाज टिकट
सस्तोमा राष्ट्रिय, अन्तर्राष्ट्रिय हवाईजहाज टिकट तथा टुरिष्ट बस टिकट चाहिएमा साथै विदेशमा सामान पठाउनु परेमा हामीलाई सम्झनुहोस् ।
World Int'l Travels & Tours Pvt. Ltd.
Newroad, Darbarthok Marga, Pokhara-9
Ph: 061-523753, 526409, 9856032747

"रंगहरूको अन्तिम गन्तव्य"
आकर्षक एवं विश्वसनीय रंगरोगनका लागि सम्झनै पर्ने पसल
योर्स ट्रेड कन्सर्न
सर्वसूलभ तथा गुणस्तरीय सेवाको लागि हामीलाई सम्झनुहोस् !
फोन : ०६१-४३०१६४, मो. ९८५६०३०९८७, ९८४६३३६३५१
अमरसिंहचोक, पोखरा, कास्की
डिलर: एशियन पेन्ट
नेपालमा सर्वाधिक रूचाईएको पेन्ट

विदेश जानेहरूका लागि सुवर्ण अवसर
Macow, Abudabi को Spark, Middle East, Star र Al Jaber Coin दुवई र कतारको Grup-4 Security कम्पनीहरुमा जान चाहनेहरुलाई यस प्रा.लि.बाट अन्तर्राष्ट्रिय स्तरको सेक्युरिटी गार्ड तालिम र अंग्रेजी भाषाको तयारी कक्षाहरु संचालन भैरहेको हुँदा इच्छुक व्यक्तिले तु-सम्पर्क गर्नुहोला ।
हाम्रा विशेषताहरू :- अन्तर्वार्ता धमाधम भइरहेको छ ।
❖शतप्रतिशत उत्तीर्ण गराउन सफल ❖आफ्नै मेनपावर कम्पनीबाट प्रोशेस गराइने ।
❖१ वर्षमा ३ सय भन्दा बढी सेक्यूरिटी गार्डमा पास गराउन सफल
सम्पर्क फेवा सेक्यूरिटी एण्ड वर्कर सर्भिसेज प्रा.लि.
पृथ्वीचोकबाट १०० मिटर तल (एयरपोर्ट जाने बाटो)
मुक्तिनाथ विकास बैंकको अगाडि, पोखरा विजनेश कम्प्लेक्स सटर नं. ३०,
फोन:०६१-५५०२५२, मो. ९८४६०-४१४९२

जीवन के.सी.

मो. ९८५६०-३८०६६
९८०६६-४०६८५
पञ्चमुखी लक्ष्मी सप्लायर्स
हबेलीमार्ग, काजीपोखरी
पोखरा-१८
Sooltee
विवाह, ब्रतबन्ध, भोज तथा अन्य कुनै कार्यको लागि सफा खानेपानी चाहिएमा हामीलाई सम्झनुहोस् ।

अमेरिकन डेम्लोम्याटिक सेक्युरिटी तालिमको अवसर
१. State department एवं अन्य देशहरुबाट सेक्युरिटी तालिम प्राप्त, धेरै देशहरुमा सेक्युरिटी सुपर भाइजरका साथै सेक्युरिटी कन्सल्टेन्टमा काम गरेर अनुभव बटुल्नुभएका दक्ष, अनुभवी प्रशिक्षकबाट प्रशिक्षण गराइने ।
२. Dubai को DPS आवुधावीको PSBD कतारको Grup4 मकाउ, बहराइन, मलेसिया एवं Europe, America का deplometic Security तालिम छुट्टा-छुट्टै दिइने ।
३. व्यवहारिक एवं सैद्धान्तिक ज्ञान पूर्णरुपमा हासिल गराउने ।
४. शान्त वातावरणमा फराकिलो Classroom मा Securrity गार्डको Theory & Practical गराइने ।
५. अंग्रेजी भाषा सिकाउनुका साथै अंग्रेजी बोल्न सक्ने बनाउने ।
६. Interview का लागि तयारी बनाउने ।
७. तालिम पश्चात विदेश जानका लागि सर्टिफिकेट उपलब्ध गराइने ।
८. विदेश जान ईच्छुक हुनुहुने दाजुभाई तथा दिदीबहिनीहरुलाई परामर्श तथा प्रशिक्षण दिइने ।
९. नेपालमै विभिन्न संघसंस्था वित्तीय क्षेत्र बैंक, कलकारखाना, उद्योग, कलेज, स्कूल, हस्पिटलहरु आदि इत्यादि ठाउँहरुमा सेक्युरिटी गार्ड उपलब्ध गराइने ।
आर्मर ग्रुप सेक्युरिटी एण्ड सप्लायर प्रा.लि.
सम्पर्क : ९८४६३५५३४२ (डिसी अर्याल), ९८५६०२३८६२ (जितबहादुर)
९८०६७०८२४६, ९८०६७०८२४७, ०६१-५३०७२४ (अफिस)
(पृथ्वीचोकबाट १०० मिटर तल, एयरपोर्ट जाने बाटोमा, मुक्तिनाथ विकास बैंकको ठीक अगाडि, पोखरा विजनेश कम्प्लेक्सको दोस्रो तला)

# प्रम सक्रिय, ओली–दाहाल एकै दिन तीनपटक भेट

गोल्डेन न्यूज संवाददाता
काठमाडौं ९ मंसिर ।

प्रधानमन्त्री केपी ओलीले मधेसी मोर्चाका माग सम्बोधनलगायत विषय छिटो टुंग्याउन सत्तासाझेदार दलहरूसँगको छलफललाई तीव्रता दिएका छन् । उनले बुधबार नै तीन पटक एमाओवादी अध्यक्ष पुष्कमल दाहालसँग कुराकानी गरेका छन् । उच्चस्तरीय राजनीतिक समन्वय समितिका संयोजकसमेत रहेका दाहाल र उपप्रधानमन्त्री विजय कुमार गच्छदारसँग प्रधानमन्त्रीले छलफल गरेका थिए । त्यसपछि दिउँसो र साँझ दुई पटक दाहाल र प्रधानमन्त्री ओलीबीच भेटघाट र कुराकानी भएको छ । प्रधानमन्त्री ओलीले दाहालले अघि सारेका सहमतिका विकल्पमा कांग्रेस र मधेसी दलहरू तयार हुने हो भने आफू त्यसका लागि बाधक नबन्ने सन्देशसहित छलफल अघि बढाउन आग्रह गरेको स्रोत बताएको छ । ओलीले उच्चस्तरीय समितिका संयोजक दाहाललाई सत्तारूढ दलका तर्फबाट वार्ता अघि बढाउने जिम्मेवारी दिएका छन् । दाहालले पछिल्लो समय संसदीय समिति बनाएर सबै विषयहरू प्याकेजमा हल गर्नुपर्ने वा संसदबाहिर प्रमुख दलहरूको संयन्त्रमार्फत टुंग्याउनुपर्ने प्रस्ताव राखेका छन् । त्यसअघि उनले पश्चिम केही जिल्लाको विवाद राजनीतिक समितिबाट पछि टुंग्याउने गरी किस्ताकिस्तामा सहमति गर्नुपर्ने खालको प्रस्ताव राखेका थिए । उक्त प्रस्ताव मधेसी दलले अस्वीकार गरेपछि दाहालले संसदीय समितिबाट टुंग्याउन प्रस्ताव राखेका थिए । त्यसपछि मधेसी दल र विपक्षी कांग्रेससँग सत्तारूढ दलहरूको संयुक्त छलफल भएकै छैन । बिहीबार संसदको बैठक समेत भएकाले त्यसलाई समेत कसरी अघि बढाउने भन्नेबारे ओलीले दाहालबीच कुराकानी भएको छ । संसद मधेसी दलहरूले अवरुद्ध गरिरहेका छन् । प्रधानमन्त्रीका प्रेस सल्लाहकार प्रमोद दाहालले दलहरू बीचको छलफल जारी रहे पनि कुरा नटुंगिएको जानकारी दिए । 'प्रधानमन्त्रीले अनौपचारिक वार्ता र छलफल तीव्र बनाउनुभएको छ तर सबै विषयलाई कसरी टुंग्याउने भन्ने निष्कर्षचाहिँ निस्केको छैन,' दाहालले भने ।

यता, प्रधानमन्त्री केपी ओलीले तराई र पहाडका जिल्ला मिलाएर प्रदेश बनाउनै नहुने मान्यता गलत भएको बताएका छन् । उनले आन्दोलनरत पक्षका जायज मागहरू सम्बोधन गर्न सरकार तयार रहेको तर केही विषयहरू भ्रमपूर्ण रहेकाले त्यसलाई स्पष्ट पार्नु आवश्यक रहेको उल्लेख गरे । मोहन वैद्य नेतृत्वको क्रान्तिकारी माओवादीको ज्ञापनपत्र बुझ्दै ओलीले वार्ताबाट समाधान खोज्न लचिलो रहेको बताए । पहाड र तराई नमिलाउने हो भने विकास हुन नसक्ने भएकाले त्यसलाई ख्याल गर्न उनले आग्रह गरे । नयाँ संविधानले धेरै जनतालाई अधिकार दिएको उल्लेख गर्दै ओलीले अधिकार नै नभएको भन्ने भ्रमपूर्ण प्रचार भएको बताए । अध्यक्ष वैद्य सहितको टोलीले भने आन्दोलनकारी सहित सबै वर्ग समुदायले उठाएका मागहरू सम्बोधन गर्न प्रधानमन्त्रीको ध्यानाकर्षण गराएको थियो । टोलीले भारतसँगको असमान सन्धि र सम्झौताहरू खारेज गर्नुपर्ने लगायतको माग राखेको छ । नाकाबन्दीलाई अन्तर्राष्ट्रिय कानुन विपरीत भएकाले यो विषयलाई अन्तर्राष्ट्रियकरण गर्न पनि ध्यानाकर्षण गराएको छ ।

## सरकारले...

*सम्वन्ध सकिएको अर्थमा बुझ्न थालिएको छ' बडुले भने,'चीन र बंगलादेशसंगको बैकल्पिक मार्ग खोज्ने दिशामा केन्द्रित भइरहदा स्वेतपत्रमा भारतसंगको कुटनीतिक पहलका बारेमा बोलिएन । बैकल्पिक बाटोमा लाग्यौ । बैकल्पिक बाटो पनि ठोस रुपमा अघि बढ्न सकेको छैन । यसले समाधान निकाल्न कि संकट ?' बडु नाका खोल्ने नाराले मात्रै समस्याको समाधान हुन नसक्ने बताउदै छिमिकी भारतसंग कुटनीतिक पहल मार्फत ट्रायक वान र ट्रायक टु वार्ता थाल्नुपर्ने बताउँछन । 'न सरकार भारतसंगको सम्वन्ध सुधारका लागि कुटनीतिक पहल थाल्छ नत तराई मधेशको समस्या समाधान गर्ने पहल गर्छ' पदाधिकारी बैठकपछि बडुले भने,'सत्तापक्षसंग अहिले सम्म भएको छलफल र वार्ताले हामीलाई एउटै निष्कर्षमा पुर्‍यायो कि, सरकार तत्काल समस्या समाधन खोज्न चाहेको छैन । यो आपत्तिजनक छ । यसलाई हामी गम्भिर रुपमा उठाउँछौ ।'*

*सरकार पक्षले साझा धारणा बनाउने नाममा संविधानसंग जोडिएको बिषयका अतिरिक्त भारतले अघोषित रुपमा लगाएको नाकाबन्दीबिरुद्धको बिषयलाई समेत जोडेर राख्न चाहेकाले समस्या आएको प्रतिपक्षको धारणा छ । कांग्रेसको बुझाई छ, सरकार पक्ष नाकाबन्दीको बिषयलाई उठाएर भारतलाई थप चिढाउने खालका एजेण्डा ल्याउन चाहन्छ । तर, कांग्रेस भारतलाई नचिढाई सम्वन्ध सुधार गरेर समस्याको हल खोज्न चाहन्छ । 'सरकार तत्कालिन सरकारले संसदमा दर्ता गराएको संविधान संशोधनको विधेयक समेत भाषा परिवर्तन गरेर रिप्याकेजिङ गर्न खोजीरहेको छ । हामी त्यसलाई तत्काल पारित गराएर निकासको ढोका खोल्न चाहन्छौ, तर सरकार अघि बढाउन चाहदैन' बडुले भने,'सीमाकंनको बिषय तत्काल हुन नहुने भएकाले तत्काल राजनीतिक निकासको बाटो त्यही हो ।'*

*जनसंख्याको आधारमा निर्वाचन क्षेत्र निर्धारण गर्ने र समानुपातिक समावेशी सिद्धान्तका आधरमा राज्यका हरेक निकायमा प्रतिनिधित्व गर्ने व्यवस्था सहितको संशोधन विधेयक पारित भएमा भारत सकारात्मक हुने र त्यसको प्रभाव आन्दोलनरत मधेशी मोर्चामा समेत पर्ने बुझाई कांग्रेसको छ । कांग्रेसले संशोधन विधेयकलाई पारित गर्ने र सीमांकनका बिषयमा राजनीतिक संयन्त्र या संसदीय समिति बनाएर हल खोज्ने गरी साझा धारणा बनाउन सत्तपक्षसंग प्रस्ताव गरेको थियो । सरकार पक्षसंग कुरा नमिलेपछि विहिबारको व्यवस्थापिका संसदको बैठकमा कांग्रेसले संशोधन विधेयक अघि बढाउनका लागि सरकारलाई दबाव दिने भएको छ ।*

*सीमांकनका विभिन्न विकल्पमा समेत कांग्रेसभित्र छलफल चलीरहेको छ । विभिन्न विकल्प मध्ये संघीय आयोग बनाउने र विवादित क्षेत्रका बासिन्दासंग जनमत लिने दुई विकल्प उपयुक्त हुने उसको धारणा छ । कांग्रेस प्रवक्ता बडुले सीमांकनको बिषयमा भएका छलफल अहिल्यै सार्वजनिक गर्न नहुने बताउँछन । 'हामी विभिन्न विकल्पमा छलफल गरीरहेका छौं । प्रचण्डले भनेजस्तो भन्ने हो भने अहिले पूर्वमा आन्दोलन उठेको छ । भोली ताम्सालिङ र खुम्बुवानमा आन्दोलन उठ्न सक्छ । त्यहि बेला परिस्थिती कस्तो होला ? उनले भने,'तर सरकार पक्षले वातवरण विथल्ने काम गरिरहेको छ ।'*

## विप्लव माओवादीको चेतावनी पत्र

गोल्डेन न्यूज संवाददाता
पोखरा ९ मंसिर ।

नेकपा माओवादी कास्कीले विभिन्न संचार माध्यमहरुलाई हिन्दी भाषाका कार्यक्रम तथा गीतहरु प्रसारण नगर्न चेतावनी दिएको छ । नेत्र विक्रम चन्द विप्लव नेतृत्वको नेकपा माओवादीको तर्फबाट कास्कीका सेक्रेटरी पूर्णजित पुनले विभिन्न बुधबार संचार माध्यमलाई एक पत्र पठाएर त्यस्तो चेतावनी दिएका छन् । विस्तारवादी भारतको नाङ्गो हस्तक्षेप र त्यसका नेपाली दलालहरुको विरुद्ध संघर्ष गर्नु अहिलेको टड्कारो आवश्यकता भएकाले देशभक्त र राष्ट्रवादीहरुले हिन्दी गीत तथा कार्यक्रमहरु प्रसारण नगर्ने विश्वास व्यक्त गर्दै पत्रमा राष्ट्रिय स्वाधिनताको पक्षमा आफूहरुले संचालन गरेको अभियानमा साथ दिन आग्रह गरिएको छ । आफूहरुको आग्रहलाई बेवास्ता गरिए विरोध, प्रतिरोध र संघर्षको दौरानमा हुने परिणामहरुको जवाफदेही सम्बन्धित पक्षनै हुनेपर्ने पत्रमार्फत चेतावनी दिइएको छ ।

## लैंगिक हिंसा...

*प्रसारण गरिनेछ । यसैगरी आसन, भाषण र शासनमा महिला छैन भन्ने मिसन नोट अफ डिसेन्ट ज्ञापनपत्र विभिन्न सरकारी कार्यालयका साथै राजनीतिक पार्टी प्रमुखहरुलाई बुझाउने, नेपालको संविधान २०७२ मा महिला सहभागिता विषयक अन्तर्क्रिया कार्यक्रम, महिला हिंसा विरुद्ध कानूनी उपचार बारे अन्तर्क्रिया र सुरक्षित आप्रवासन सम्बन्धी दोहोरी गीत प्रतियोगिता, डकुमेन्ट्री प्रदर्शन र पर्चा वितरण कार्यक्रम समेत अभियानका क्रममा संचालन गरिने महिला विकास अधिकृत अधिकारीले जानकारी दिइन ।*

*१६ दिने अभियानका अवसरमा संचालन हुने कार्यक्रम महिला तथा बालबालिका कार्यालयका साथै विभिन्न संघ-संस्थाहरु, महिला उत्थान तथा जागरण केन्द्र, डब्लुएचआरडी, फिडो, वीयान, एडभोकेसी फोरम नेपाल, सञ्जाल, एनजीओ फेडेरेशन, डब्लूएचआरका साथै संविधान सूचना केन्द्र, इन्सेक, शान्तिका लागि नागरिक समाज सञ्जाल, सिवीस, क्रियाशिल पत्रकार महिला समूह, सामी, जिल्ला विकास समिति, कास्की लगायतका संस्थाहरुले आयोजना गर्ने भएका छन् । १६ दिने अभियान कास्कीका विभिन्न टोल, वडा, गाविस, नगरपालिकाका साथै पोखराका विभिन्न स्थान, विद्यालय, विभिन्न सरकारी एवं गैरसरकारी संघ-संस्थाहरुका साथै संचार माध्यमहरुमा संचालन हुनेछ । अभियानले महिलासंग सम्बन्धित विभिन्न निकाय एवं कार्यालय, हिंसामा परेका महिला तथा बालबालिका, महिला मानव अधिकार रक्षकहरु, मनोरञ्जन क्षेत्रमा काम गर्ने महिला तथा समुदायका महिला, महिला मानव अधिकारकर्मीका साथै नागरिक समाज, न्यायाधिश, कर्मचारी र कानून व्यवसायीलाई लक्षित गरिएको महिला विकास अधिकृत अधिकारीले जानकारी दिइन ।*

*१६ दिनसम्म साचालन हुने अभियान अन्तर्गत लैंगिक हिंसा सम्वन्धी कानूनी परामर्श सकारात्मक सोच सम्वन्धी सचेतना कार्यक्रम सदभाव ऱ्याली र सेतो रिवन वितरण होडिङ बोर्ड टाँस सडक नाटक प्रदर्शन किशोरी परार्मश अन्तर्क्रिया लगायतका विभिन्न जनचेतनामूलक कार्यक्रम समेत संचालन गरिने बताइएको छ ।*

## पोखरा जेसीजमा अधिवेशन तयारी

गोल्डेन न्यूज संवाददाता
पोखरा ९ मंसिर ।

पोखरा जेसीज जिल्ला शाखा कास्कीले ३६औं अधिवेशन एवं ४१ औं साधारणसभालाई तीव्र पारेको छ । जेसीजको अधिवेशन एवं साधारणसभा यहि मंसिर १२ गते शनिबार पोखरामा हुँदैछ । कार्यक्रम सम्पन्न गर्न गठित विभिन्न उपसमितिहरुले तयारीलाई तीव्र पारेको र तयारी अन्तिम चरणमा पुगेको संस्थाका महासचिव शालिकराम गिरीले जानकारी दिए । संवृद्धिका लागि युवा एकता भन्ने नाराका साथ अघि बढेको पोखरा जेसीजमा सकारात्मक सोंच भएका १८ वर्ष उमेर पुगेका ४० ननाघेका युवा व्यक्तित्व मात्र सहभागी बन्न पाउने व्यवस्था छ । सामाजिक कार्यको हिसावले पोखरा जेसीजलाई पोखराको एक अग्रणी संस्थाको रुपमा हेरिन्छ । अधिवेशनले नयाँ नेतृत्व समेत चयन गर्ने भएकाले महत्वका पोखरा जेसीजको ३६औं अधिवेशनलाई महत्वका साथ हेरिएको छ । हाल १०० जना सदस्य रहेको जेसीजको अधिवेशनले १ अध्यक्ष, १ कार्यकारिणी उपाध्यक्ष, ४ उपाध्यक्ष, ४ निर्देशक निर्वाचित गर्नेछ भने अन्य केही सदस्यहरु मनोनित हुनेछन् । जेसीजको कार्यसमिति न्यूनतम् १८ सदस्यीय हुने महासचिव गिरीले जानकारी दिए । जेसीजको विधान अनुसार पदाधिकारीको पदावधि १ कार्यकालमात्र हुनेछ भने १ व्यक्तिले १ पदमा १ पटकमात्र काम गर्न पाउनेछन् । पोखरा जेसीजको अबको नेतृत्व गर्न वर्तमान कानूनी सल्लाहकार गोविन्द प्रसाद देवकोटा लगायतले इच्छा जाहेर गरेको बताइन्छ ।

# आत्मीय जागरणद्वारा देउसीभैलोको रकम सार्वजनिक

## सहारा क्लवद्वारा संकलित रकम सहारा एकेडेमीमा

गोल्डेन न्यूज संवाददाता
पोखरा ९ मंसिर ।



पोखराको सिमलचौरमा रहेको आत्मीय जागरण केन्द्रले देउसी भैलोमा संकलित रकम एक कार्यक्रमका बीच सार्वजनिक गरिएको छ । देउसी भैलोबाट २ लाख ६ हजार ७ सय ४१ रुपैयाँ जम्मा भएको र ५० हजार ६ सय ३० रुपैयाँ खर्च कटाइ कोषमा १ लाख ५६ हजार १११ रुपैयाँ रहेको केन्द्रका कोषाध्यक्ष सपना गुरुङले जानकारी दिइन । उनले महिला सशक्तिकरण र केन्द्रको भवन निर्माणका लागि आर्थिक स्रोत जुटाउन केन्द्रमा आवद्ध सदस्यहरु देउसी भैलो खेलेको बताइन । कार्यक्रमका प्रमुख अतिथि संचारकर्मी एवं महिला उद्यमी सिता बरालले देउसी भैलोको रकमलाई सार्वजनिक गर्नु निकै सकारात्मक भएको भन्दै आर्थिक पारदर्शिता समुन्नत समाजको अपरिहार्य पाटो भएको स्पष्ट पारिन । उनले आत्मनिर्भर हुन सकें हिंसाको न्यूनिकरण हुने भन्दै परनिर्भरतानै महिलाको शत्रु भएको बताइन । सो कार्यक्रममा मानव मिलन नारी जागरणमा हालै निर्वाचित भएकी अध्यक्ष पार्वती पौडेललाई सम्मान समेत गरिएको थियो । सम्मानित पौडेलले समाज परिवर्तनका लागि महिला एकता र लगनशिलता आवश्यक रहेको बताइन । उनले आत्मीय जागरण केन्द्रले समाज परिवर्तनमा सकारात्मक कदम चालेको भन्दै प्रशंसा गरिन् । कुँवर समाजका सचिव राजकुमार श्रेष्ठले समानताका लागि घर-घरबाट महिला पुरुष दुवै जुट्नुपर्नेमा जोड दिए । आत्मीय जागरण केन्द्रकी अध्यक्ष नौली श्री गुरुङको अध्यक्षतामा भएको कार्यक्रमको संचालन सचिव शोभा आचार्यले गरेकी थिइन ।

यसैगरी सहारा क्लब पोखराद्वारा नेपालीहरुको महान चाड दिपावलीको अवसरमा संस्कृतिको जगेर्ना गरौं,सहारा एकेडेमीलाई सहयोग गरौं भन्ने उद्देश्य अनुरुप आयोजित देऊसी भैलो कार्यक्रम बाट ३ लाख ३९ हजार ९६३ रुपैयाँ आर्थिक संकलन भएको छ । उक्त रकम क्लबद्वारा सञ्चालित सहारा एकेडेमीका प्रशिक्षार्थीहरुको व्यवस्थापनमा खर्च गरिने छ । सहारा क्लब पोखराले सबै सहयोगदाता हरुलाई धन्यवाद व्यक्त गरेको छ । सहारा एकेडेमीमा १६ जिल्लाका २६ प्रशिक्षार्थीहरु आश्रित छन । उनीहरुको पालनपोषण, शिक्षादिक्षा स्वास्थ्य र फुटबल प्रशिक्षण लगायतको सुविधा क्लबले निःशुल्क रुपमा प्रदान गर्दै आईरहेको छ ।

# अन्तर सहकारी फुटसल प्रतियोगिता भोलिदेखि

गोल्डेन न्यूज संवाददाता
पोखरा ९ मंसिर ।

प्रथम अन्तर सहकारी फुटसल प्रतियोगिता २०७२ को तयारी पुरा भएको छ । गरिमा बचत तथा ऋण सहकारी संस्था लिमिटेडको आयोजनामा यही मंसिर ११ र १२ गते पोखरा गैह्रापाटन लिचिवोट पार्टी प्यालेससंगै रहेको पोखरा फुटसलमा आयोजना हुने प्रतियोगिताको तयारी पुरा भएको प्रतियोगिताका संयोजक प्रशान्तराज धमलाले बताए । दुई दिनसम्म चल्ने प्रतियोगितामा १९ टोलीको सहभागिता रहेको संयोजक धमलाले बताए । उनका अनुसार प्रतियोगिताको विजेताले २२ हजार २ सय २२ रुपैयाँ, उपविजेताले १५ हजार ५ सय ५५ रुपैयाँ, तेश्रो स्थान हासिल गर्नेले ८ हजार ८ सय ८८ रुपैयाँ र चौथो हुनेले ५ हजार ५ सय ५५ रुपैयाँको साथमा ट्रफि मेडल प्रमाण पत्र प्राप्त गर्ने भएका छन । शिखर बहुउद्देश्यीय संस्था लिमिटेड मुख्य प्रायोजक रहेको प्रतियोगितामा हिमालयन गार्डेन रेष्टुरेण्ट एण्ड वारले सहप्रायोजन गरेको छ । प्रतियोगिताबाट बचत भएको केही रकम अनाथ तथा असहाय वालवालिकाहरुको लागि सहयोग गरिने आयोजक संस्थाका अध्यक्ष टुल्कनाथ आचार्यले बताए । सहकारी बीचको सम्बन्ध सुमधूर पारी भाईचाराको सम्बन्ध स्थापना गर्न प्रतियोगिता आयोजना गरीएको अध्यक्ष आचार्यले जनाए । प्रतियोगितामा १८ वटा सहकारी सहभागी हुदैछन् ।

# राष्ट्रिय भेट्रान्स टेनिस प्रतियोगिता पुसमा

गोल्डेन न्यूज संवाददाता
पोखरा ९ मंसिर ।

कास्की जिल्ला टेनिस संघको आयोजनामा पोखरामा आउँदो पुष १० देखि १४ गतेसम्म राष्ट्रिय भेट्रान्स टेनिस प्रतियोगिता हुने भएको छ । पर्स्याङ्ग भेट्रान्सको १४औं संस्करण अबदेखि पोखरा भेट्रान्स राष्ट्रिय खुल्ला टेनिस प्रतियोतिगाको नामबाट शुरु हुन लागेको हो । यसअघि यो प्रतियोगिता पोखराको पर्स्याङ्ग टेनिस कोर्टमा सञ्चालन हुँदै आएको थियो । तर यस वर्षदेखि पोखरा रंगशालाभित्रको टेनिस कोर्टमा यो प्रतियोगिता सञ्चालन गरिने आयोजक संघले जानकारी दिएको छ । प्रतियोगिता सम्पन्न गर्न अग्रज खेलाडी बसन्त प्रधानको संयोजकत्वमा विभिन्न उपसमितिहरु गठन गरिएको छ । प्रतियोगिताको सह-संयोजकमा राजकुमार घिमिरे रहेका छन् । त्यसैगरि आर्थिक उप-समिति संयोजकमा विकास गुरुङ्ग, अतिथि स्वागत सत्कार उप-समिति संयोजकमा दोर्जे लामा, खेल मैदान व्यवस्थापन उप-समिति संयोजकमा निरज थापा, प्रचार प्रसार उप-समिति संयोजकमा नविन चालिसे, प्राविधिक उप-समिति संयोजकमा राजन पौडेल, मञ्च व्यवस्थापन उप-समिति संयोजकमा प्रिति बराल, पुरस्कार तथा मायाको चिनो उप-समिति संयोजकमा राजु गुरुङ्ग, मेडिकलमा कृतीका खड्का तथा सुरक्षा उप-समिति संयोजकमा पदम गुरुङ्गलाई चयन गरिएको छ । संघ कास्कीका अध्यक्ष विनोद कायस्थको अध्यक्षतामा बुधबार बसेको बैठकले यस्तो निर्णय गरेको हो । यसअघि गतवर्ष सञ्चालन गरिने भनिएको प्रतियोगिता महाभूकम्पका रोकिएको थियो ।


**शहीद गंगालाल हृदयरोग केन्द्र बाँसबारी**
**काठमाडौंका वरिष्ठ मुटुरोग विशेषज्ञ पोखरामा**

के तपाई लामो समयदेखि सुगर प्रेसरकै समस्याबाट पीडित हुनुहुन्छ ? कतै तपाईलाई मुटुको समस्या त भएको छैन ? मुटुरोग लागे औषधि नियमित खाइराख्नु भएको भए औषधिको मात्रा त मिलेको छ वा छैन ढुक्क रहन र प्रेसरको औषधि खाएर पनि प्रेसर कन्ट्रोल भएको छैन र जुन मुटु प्रेसर र सुगर रोग लाग्यो त्यही रोगसम्बन्धी विशेषज्ञलाई उपचार गराई ढुक्क रहन वरिष्ठ विशेषज्ञ **डा. श्यामराज रेग्मी** पोखरा आउँदै हुनुहुन्छ । स्वास्थ्य लाभ लिनुहोला ।

बिरामी जाँच : २०७२ मंसिर १२ गते शनिबार
समय : विहान ९ बजेदेखि ३ बजेसम्म

सम्पर्क :
**परिचित मेडिकल हल**
पालिखेचोक, पोखरा, फोन : ९८४६०४१४९४












सुनौलो पब्लिकेशन प्रा.लि.द्वारा प्रकाशित गोल्डेन न्यूज राष्ट्रिय दैनिकका लागि अध्यक्ष/प्रधान सम्पादक **गंगाधर पराजुली**, निर्देशक **हरिमणि बराल**, संस्थापक सम्पादक **रीता गुरुङ**
कार्यालय : चिप्लेढुंगा (सुनौलो भवन), पोखरा, फोन:०६१-५३९४५५, फ्याक्स : ५२२२२२, Email : goldennewspkr@gmail.com, Website: www.goldennews.com.np, मुद्रण **गोल्डेन अफसेट प्रेस**, चिप्लेढुंगा, पोखरा